शनिबारको
# राजधानी

काठमाडौं, धरान र बुटवलबाट एकैसाथ प्रकाशित




खेल क्षेत्रको... पृष्ठ ८

लोकप्रिय राष्ट्रिय दैनिक
राजधानी
ग्राहक बन्नु परेमा
नवीकरण गर्नु परेमा
ठेगाना परिवर्तन भएमा
र पत्रिका नियमित नआए
सिधा सम्पर्क 5546300,
बिहान १० बजे देखि ५ बजेसम्म Ext: 112, 108

काठमाडौं । वर्ष १५, अंक २०२, काठमाडौं, शनिबार १८ पुस २०७२, नेपाल संवत् ११३६ । www.rajdhani.com.np । Email rajdhaninews@gmail.com । RAJDHANI Nepali National Daily । Kathmandu, Saturday 2 January 2016 । पृष्ठ : ८ मूल्य रु. ५/-

# भीषण विस्फोटको जोखिममा बेलहिया

**भिषा काफ्ले/काठमाडौं**



चार महिना लामो मधेस केन्द्रत दलको आन्दोलन र भारतको नाकाबन्दीपछि पश्चिम तराईंका भारतीय नाका जोडिएका जिल्लाहरू तस्करीको अखडा बन्दै गएको राष्ट्रिय मानव अधिकार आयोगले ठहर गरेको छ। उसले सरकारी निकायकै प्रत्यक्ष संलग्नतामा सीमा क्षेत्र तस्करीको अखडा बन्दै गएको ठहर गरेको हो।

तराई आन्दोलन र भारतीय नाकाबन्दीपछिको अवस्था अनुगमन गर्न पश्चिम तराईमा खटिएको मानव अधिकार आयोगको टोलीले तिन ओटा नाका जोडिएका जिल्लामा अनुगमन गरी त्यस्तो ठहर गरेको हो। आयोगका सदस्य गोविन्द पौडेलको नेतृत्वमा गएको अनुगमन टोलीले कपिलवस्तु, रूपन्देही र नवलपरासी जिल्लाका साथै ती जिल्लामा रहेका बेलहिया, महेशपुर र कृष्णनगर नाकामा अनुगमन गरेको थियो। तिन जिल्लामध्ये रूपन्देहीको बेलहिया नाकासँग जोडिएका बस्तीहरू अत्यन्तै अव्यवस्थित पेट्रोलियम पदार्थको (तस्करी गरिएको) राख्ने गोदाम बन्दै गएको र जुनसुकै बेला विस्फोट भएर ठूलो क्षतिको सम्भावना रहेको छ।

अनुगमनमा गएका पौडेलले रूपन्देहीको डन्डा खोलादेखि बेलहिया नाका प्रहरी चौकीसम्मका प्रत्येक घरमा १ सयदेखि १० हजार लिटर पेट्रोल अव्यवस्थित रूपमा भण्डारण गरी राखिएको बताए। अत्यन्त प्रज्ज्वलनशील पदार्थ अव्यवस्थित रूपमा राख्दा जुनसुकै बेला आगलागी र विस्फोटको सम्भावना रहेको उनको भनाइ छ। 'नाका क्षेत्रका प्रत्येक घरमा १ सयदेखि १० हजार लिटरसम्म पेट्रोलियम पदार्थ भण्डारण गरिएको छ,' पौडेलले राजधानीसँग भने, 'सो स्थानमा जुनसुकै बेला विस्फोट हुन सक्छ, त्यसले बेलहिया बजार पुरै सखाप बनाउँछ।' उनले ती घरहरूमा पेट्रोलीयम भण्डारणका साथै भारतबाट अवैध रूपमा ल्याएर राजधानी लगायतका स्थानमा पठाउन राखिएका ग्याँस सिलिन्डरहरूसमेत रहेको हुँदा झनै जोखिम रहेको बताए।

### मानव अधिकार आयोगको ठहर

- प्रत्येक घरमा १ सयदेखि १० हजार लिटरसम्म पेट्रोल भण्डारण
- पेट्रोल र ग्याँस सिलिन्डरले भरिएका हुन्छन् भैरहवाबाट छुट्ने गाडीका छत
- स्थानीय चुल्ठे–मुन्द्रे भन्छन्, आन्दोलनपछि ५ देखि ५० लाख रुपैयाँसम्म कमाइयो
- किसान सबैभन्दा बढी मार्कामा
- लुम्बिनीमा आउनै छाडे पर्यटक
- सीडीओ भन्छन्, मैले पुरै आँखा चिम्लिएको छु
- सिलिन्डर लिन सिधै भारतीय दलाल आउँछन्

आयोगको टोलीले बेलहिया नाकाबाट अवैध रूपमा सामान ओसारपसार गर्न स्थानीय प्रशासनले खुलेआम सहयोग गरिरहेको ठहरसमेत गरेको छ। त्यसरी त्यहाँ अवैध रूपमा आउने पेट्रोलियम पदार्थ ल्याउनेलाई कारबाही गर्नुको साटो प्रोत्साहन गरिरहेको पौडेलको भनाइ छ। 'बेलहियामा तस्करी गर्नेहरूलाई स्थानीय प्रशासनले नै सघाइरहेको छ,' उनले भने, 'प्रहरी प्रशासनको प्रत्यक्ष संलग्नतामा अवैध रूपमा तेल भित्रिएको हामीले पायौं।' आयोग टोलीले रूपन्देहीका प्रमुख जिल्ला अधिकारी (सीडीओ) विष्णु ढकाललाई तेल तस्करी र अवैध भण्डारणको विषयमा जानकारी माग्दा आफूले आँखा चिम्लिदिएको जवाफ फर्काएका थिए। 'सीडीओले नै मैले अहिले आँखा चिम्लिदिएको छु भन्ने जवाफ दिए,' आयोगका सदस्य पौडेलको भनाइ छ।

आन्दोलन र नाकाबन्दीको बहानामा अवैध रूपमा भित्र्याइएको तेलबाट स्थानीय युवाले जनही ५ देखि ५० लाख रुपैयाँसम्म कमाएको अनुभव सुनाएको जानकारी पनि पौडेलले दिए। (बाँकी पृष्ठ २ मा)

संसद् नियमावलीको प्रारम्भिक मस्यौदा तयार

# प्रधानन्यायाधीशमाथि पनि सोझै संसदीय समितिबाट छानबिन

**ईश्वरी सुवेदी/काठमाडौं**

प्रधानन्यायाधीश र अख्तियारलगायतका संवैधानिक निकाय प्रमुखविरुद्धको उजुरीसमेत सिधै अनुसन्धान गर्ने व्यवस्थासहित संसद्को नयाँ नियमावली मस्यौदा तयार भएको छ। संविधान जारी भएपछि तयार पारिएको व्यवस्थापिका संसद्को नियमावली मस्यौदामा सो व्यवस्था गरिएको हो।

एमाओवादी सांसद रामनारायण बिडारी नेतृत्वको उपसमितिले विशेष समितिअन्तर्गत महाअभियोग सिफारिस समितिको व्यवस्था गर्दै महाअभियोग सिफारिस समितिको व्यवस्था गरी प्रधानन्यायाधीशलगायत अन्यविरुद्धको उजुरीमाथि सिधै छानबिन गर्ने अधिकारसहितको प्रतिवेदन शुक्रबार बुझाएको छ। मस्यौदाका लागि नियमावली समितिले बिडारीको संयोजकत्वमा



११ सदस्यीय उपसमिति गठन गरेको थियो।

उपसमितिले नयाँ संविधानको व्यवस्थाअनुसार महाअभियोग सिफारिस समिति गठन गरी विशेषाधिकार दिएको छ। प्रधानन्यायाधीश, न्यायाधीश र संवैधानिक निकायका प्रमुखलाई महाअभियोग प्रयोजनका लागि संविधानको धारा १ सय १ बमोजिम महाअभियोग सिफारिस समितिको व्यवस्था गरिएको छ।

महाअभियोग सिफारिस समितिको केही अधिकारबारे उपसमितिले पूर्ण समितिमै निर्णयका लागि पठाएको छ। राष्ट्रपति र उपराष्ट्रपतिलाई महाअभियोग लगाउँदा भने महाअभियोग सिफारिस समितिले अध्ययन गर्न नपाउने व्यवस्था छ। उनीहरूका लागि संसद्मा कायम रहेका सम्पूर्ण सदस्य संख्याको एक चौथाइ सदस्यको प्रस्ताव दर्ता गरेर मात्र महाअभियोग प्रस्ताव अघि बढाइने व्यवस्था गरिएको छ।

सर्वोच्च अदालतका प्रधानन्यायाधीश, न्यायाधीश र संवैधानिक निकायका प्रमुखहरूको हकमा कुनै एक व्यक्तिले उजुरी गरे पनि महाअभियोग सिफारिस समितिले अनुसन्धान गर्ने व्यवस्था गरिएको छ। (बाँकी पृष्ठ २ मा)

# भूकम्पपीडितलाई १० दिनभित्र १० हजार नदिए कारबाही

## कालोबजारी नियन्त्रण गर्न गृह र आपूर्ति मन्त्रालयलाई निर्देशन

**शुरोजंग पाण्डे/काठमाडौं**

सरकारले भूकम्पपीडितका लागि न्यानो कपडा किन्न १० हजार रुपैयाँ १० दिनभित्र उपलब्ध नगराए सम्बन्धित कर्मचारीलाई कारबाही गर्ने निर्णय गरेको छ। राहतस्वरूप तत्काल उपलब्ध गराउन छुट्ट्याइएको रकम भूकम्पपीडितले नपाएको गुनासो बढिरहेका बेला शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले सो निर्णय गरेको हो।

पछिल्लो तथ्यांकअनुसार भूकम्प प्रभावित जिल्लाहरूमा करिब ३५ प्रतिशत भूकम्पपीडितलाई मात्रै न्यानो कपडाका लागि छुट्ट्याइएको राहत रकम वितरण भएको पाइएको छ। कतिपय गाविसमा सचिवहरूको दरबन्दी नै रिक्त रहेकाले पनि प्रभावित भएको तथ्यलाई मध्यनजर गर्दै सरकारले आवश्यक कर्मचारी परिचालन गरेर भए पनि १० दिनभित्रै रकम उपलब्ध गराउन गृह र स्थानीय विकास मन्त्रालयलाई निर्देशन दिएको छ।

### मन्त्रिपरिषद् बैठक

सरकारका प्रवक्तासमेत रहेका सूचना तथा सञ्चार प्रविधिमन्त्री शेरधन राईले बैठकमा उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री कमल थापाको गत साता सम्पन्न चीन भ्रमण र त्यसका उपलब्धिबारे पनि छलफल र समीक्षा भएको जानकारी दिए। भ्रमणका क्रममा व्यापार तथा पारवाहन, दीर्घकालीन रूपमा इन्धन कारोबार, पूर्वाधार विकास तथा कनेक्टिभिटी, तातोपानी तथा केरुङ नाका सञ्चालन गर्ने दुई देशबिच समझदारी भएको पनि जानकारी दिए।

बैठकले लगानी बोर्डको प्रस्तावमा चीनको 'द गोर्खाज यू के' कम्पनीको परियोजना प्रस्तावअनुसार ऊर्जा उत्पादनको परियोजना स्वीकृत गरेको छ। त्यस्तै, बैठकले बोर्डलाई हावाबाट बिजुली निकाल्ने परियोजनाको प्रस्ताव तयार गर्न पनि निर्देशन दिएको छ। (बाँकी पृष्ठ २ मा)

# दिल्ली गए महतो



**काठमाडौं/रास–** विराटनगरमा नाका अवरोधका क्रममा घाइते भएका सद्भावना पार्टी अध्यक्ष राजेन्द्र महतो उपचारका लागि भारत गएका छन्। धरानस्थित बीपी प्रतिष्ठानबाट हेलिकोप्टरमा काठमाडौं ल्याइएका महतो शुक्रबार एयर इन्डियाको विमानबाट नयाँ दिल्ली गएका हुन्।

गत शनिबार जोगबनी नाका अवरुद्ध गर्न खोज्दा प्रहरीसँगको झडपमा टाउकोमा चोट लागेका महतोको विराटनगरस्थित गोल्डेन अस्पतालमा उपचार गरिएको थियो। धर्नास्थलबाट प्रहरीले हटाउन खोज्दा झडप भएपछि जोगवनीतर्फ भागेका महतो पुनः विराटनगर आई गोल्डेन अस्पतालमा उपचार गराएका थिए। सामान्य मलमपट्टीपछि जनरल वार्डमा सार्न लागिएका महतोकै इच्छाअनुसार धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठान पुऱ्याइएका थिए।

गोल्डेन अस्पतालमा आईसीयूमा राखेर उपचार गरिएका महतोलाई सामान्य बिरामी भनेर वार्डमा सार्न लागेपछि उनी आइतबार राति नै धरान पुगेका थिए।

(बाँकी पृष्ठ २ मा)

# कांग्रेसमा कोइराला क्याम्प छाड्नेको लर्को

## सभापतिको कोटामा मनोनीत नेता पनि देउवातिर, नेतृत्व पूर्णतः असफल साबित भएको ठोकुवा

**भुवन शर्मा/काठमाडौं**

नेपाली कांग्रेसको १३औं महाधिवेशनको तिथि नजिकिएसँगै सभापति सुशील कोइरालाले नेतृत्व गरेको संस्थापन समूहभित्रको असन्तुष्टि छताछुल्ल हुन थालेको छ। कोइराला क्याम्पभित्रको असन्तुष्टिकै कारण वरिष्ठ नेता शेरबहादुर देउवातिर नेता/कार्यकर्ता निकै आकर्षित हुन थालेका छन्।

महाधिवेशनको संघारमा १२ औं महाधिवेशनपछि सभापति कोइरालाले मनोनीत गरेका केही केन्द्रीय सदस्य संस्थापन समूह त्यागेर नेता देउवाको क्याम्पमा पुगेका छन्। स्रोतका अनुसार कोइरालासँग निकै निकट रहेका केही नेता अहिले वरिष्ठ नेता देउवासँग निकट हुन पुगेका छन्। उनीहरू देउवा पक्षीय नेताहरूको भेलामा जाने, नयाँ बानेश्वरस्थित देउवाको सम्पर्क कार्यालयमा उपस्थिति हुने र गोप्य रणनीतिक बैठकहरूमा समेत उपस्थिति भई कोइराला क्याम्पलाई कमजोर बनाउने रणनीति तय गर्ने गरेको स्रोतको भनाइ छ।





सभापति कोइरालाद्वारा मनोनीत गरिएका केन्द्रीय सदस्यद्वय श्याम घिमिरे र केशवकुमार बुढाथोकी संस्थापनलाई त्यागेर देउवा क्याम्पमा पुगिसकेका छन्। घिमिरे सिन्धुली र बुढाथोकी झापाका प्रभावशाली नेता हुन्। यसैगरी, चन्द्र भण्डारी र मानबहादुर विश्वकर्माले कोइराला क्याम्प छाडिसकेका छन्। उनीहरू पनि अहिले देउवा क्याम्पसँग निकट भएका हुन्। अर्घाखाँचीका विश्वकर्मा अघिल्लो महाधिवेशनमा दलित कोटाबाट निर्वाचित केन्द्रीय सदस्य हुन्।

विकल आगामी महाधिवेशनमा वरिष्ठ नेता देउवाले चुनाव जित्ने ठोकुवासमेत गरे। '१३औं महाधिवेशनबाट नेतृत्व फेरिन्छ। पुरानो नेतृत्व पूर्णतः असफल साबित भइसकेको छ। पार्टीलाई सशक्त रूपमा अघि बढाउन शेरबहादुर देउवाले नेतृत्व लिनुपर्छ, यस्को विकल्प छैन भन्ने देशभरका कार्यकर्ताको आवाज छ,' विश्वकर्माले राजधानीसँग भने। १२ औं महाधिवेशनमा उनी कोइराला क्याम्पबाट चुनाव लडेका थिए।

अर्का नेता घिमिरेले पनि कोइराला क्याम्प त्यागेर देउवातिर लागेको संकेत गरे। '१२औं महाधिवेशनबाट स्थापित भएको नेतृत्वलाई कार्यप्रदर्शनका आधारमा मूल्यांकन गरेर मात्र १३औं महाधिवेशनमा नेतृत्वमा ल्याउन मतदान गर्नुपर्छ,' घिमिरेले राजधानीसँग भने। स्रोतका अनुसार ताप्लेजुङका सूर्यमान गुरुङ, पर्वतका अर्जुनप्रसाद जोशी र गोविन्द भट्टराई पनि कोइरालाबाट पार्टी नचल्ने भन्दै देउवातिर निकट हुन थालेका छन्।

स्रोतका अनुसार देउवा पक्षीय हरेक भेला र बैठकमा आजभोलि उनीहरूको उपस्थिति हुने गरेको छ। सभापति या महामन्त्रीको उम्मेदवारीको घोषणा गरेका अर्जुननरसिंह केसी पनि पछिल्लो समय देउवासँग निकट भएका छन्। देउवा क्याम्पबाट महामन्त्रीमा चुनाव लड्न कुराकानी भइरहेको स्रोतको दाबी छ। गुट फेरेको घोषणा भने केसीले अझै गरेका छैनन्। केसी देउवा क्याम्पमा गए चर्चित युवा नेता गगन थापा, जगदीश्वर नरसिंह केसीलगायतले पनि गुट फेर्नेछन्। खोटाङमा पूर्वसांसद शिवकुमार बस्नेत र सर्वधन राईले पनि गुट परिवर्तन गरेका छन्। (बाँकी पृष्ठ २ मा)

# जैनको खाद्य गोदाममा प्रहरीको छापा

**राजधानी समाचारदाता/काठमाडौं**

प्रहरीले काठमाडौं कुलेश्वरस्थित तेजकरण जैनको श्री धनलक्ष्मी दाल मिलको गोदाममा छापा मारी हजारौं किलो दाल तथा खाद्यान्न बरामद गरेको छ। महानगरीय प्रहरी परिसर तथा कालीमाटी वृत्तको संयुक्त टोलीले शुक्रबार छापा मारी दाल चामल लगायतका खाद्यान्न बरामद गरेको हो।

बिक्री नगरी कालोबजारीका लागि राखेको खाद्य सामग्रीसहित लेखापाल ललितपुर उपमहानगरपालिका-५ बालकुमारी बस्ने सर्लाही मलंगवा-१ का शशीकान्त यादव र कर्मचारी काठमाडौं कुलेश्वर बस्ने भारत चम्पालका रञ्जित प्रसादलाई प्रहरीले नियन्त्रणमा लिएको छ। महानगरीय प्रहरी वृत्त कालिमाटीको प्रहरीले गोदाममा शंका लागि खानतलासी गर्दा हरियो केराउ ३० केजीको २ सय बोरा, २५ केजीको ५० बोरा, ५० केजीको २ सय बोरा, रातो छोकडा ७० केजीको १ सय बोरा, ५५ केजीको ६ बोरा फेला पारेको थियो।

त्यस्तै, मुगको दाल ३० केजीको ७५ बोरा, रहरको दाल २५ केजीको १ सय बोरा, २५ केजीको ३ सय ६० बोरा, सेतो केराउ २५ केजीको ४० बोरा, बोडी ३० केजीको ५० बोरा, मासको दाल २५ केजीको ६० बोरा, मकै २५ केजीको १ सय ८० बोरा बिक्री नगरी स्टक राखेको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ। प्रहरीले १७ थान प्यान बिल तथा इन्डेक्समा राखिएको बिलसमेत बरामद गरेको छ।

'गोदाममा खाद्य सामग्री सञ्चय गरी कृत्रिम अभाव सिर्जना गरेको सूचनाका आधारमा प्रहरीले छापा मारेको हो,' महानगरीय प्रहरी परिसर काठमाडौंका प्रवक्ता प्रहरी उपरीक्षक (एसपी) विश्वराज पोखरेलले भने। उनका अनुसार जैनले रहर, मुग, दालमा प्रतिकेजी १ सय २ रुपैयाँ वृद्धि गरी कालो बजारी गर्दै आएका थिए।

प्रहरीले गोदममा सिलबन्दी गरेको छ। प्रहरीले कर्मचारीलाई नियन्त्रणमा लिई काठमाडौं जिल्ला अदालतबाट सात दिनको समय लिएर आवश्यक अनुसन्धान भइरहेको जनाएको छ। परिसरका प्रवक्ता पोखरेलका अनुसार सो प्रालिका प्रोपाइटर तेजकरण जैन भने फरार छन्। प्रहरीले उनको खोजी गरिरहेको जनाएको छ। प्रहरीले यसअघि दुगड समूहले सञ्चालन गरेको केएल दुगडको गोदाममा छापा मारी १ लाख लिटर खानेतेल बरामद गरेको थियो। दुगड सञ्चालकविरुद्ध प्रहरीले कालोबजारी र ठगी अभियोगमा मुद्दा दायर गरेको छ।

मधेस आन्दोलन र भारतीय नाकाबन्दीको मौका छोपी व्यापारीले कृत्रिम अभाव सिर्जना गरी उपभोक्ता ठग्दै आएका छन्। कालोबजारी नियन्त्रण गर्न नसकेको भन्दै चौतर्फी आलोचना भएपछि प्रहरीले कालोबजारीविरुद्ध विशेष अप्रेसन नै सुरु गरेको छ।

CMYK

# दिव्यदेव पन्त र उनको 'शाहवंशचरित'

**शासकको तारीफ गरी कवि र लेखकहरूले भाटको चरित्र देखाइरहेको जमानामा दिव्यदेव पन्तले मौकापरस्ती नगरीकन लेखेको "शाहवंशचरित"को ठाउँ नेपाली वाङ्मयको इतिहासमा अलि विशिष्ट छ ।**



डा. महेशराज पन्त

नेपालको इतिहास प्रकाशित गर्ने कामको शुरूवात पश्चिमाहरूबाट भएको हो । नेपालीहरूले चाहिँ धेरैपछि मात्र यसतर्फ चासो देखाउन थालेका हुन् । नेपालीले लेखेका, नेपालको इतिहासमध्ये पहिलो इतिहास अम्बिकाप्रसाद उपाध्यायको 'नेपालको इतिहास' (देवीप्रसाद उपाध्याय, बनारस, १९७९) हो । पहिलोपटक वि.सं. १९७९ मा छापिएको यो 'इतिहास' २५ वर्षभित्र अरू २ चोटि छापियो ('नेपालको इतिहास र रामनगरको इतिहास', देवीप्रसाद उपाध्याय, पटना, १९८६ र 'नेपालको इतिहास', राजेश्वरीप्रसाद उपाध्याय, पटना, २००४) । श्री ३ जुद्धशमशेर (वि.सं. १९३२-२००९)को पाला (वि.सं. १९८९-२००२)देखि नेपालमा एस्.एल्.सी. दिनेहरूले नेपालको इतिहास पनि पढ्नुपर्ने भएकोले अम्बिकाप्रसाद उपाध्यायको 'इतिहास'ले पाठ्यपुस्तकको पनि काम गर्‍यो । अम्बिकाप्रसाद उपाध्याय प्रवासी नेपाली भएकाले वि.सं. २००४ मा प्रकाशित तोत्रराज पाण्डेय (वि.सं. १९६७-२०१४) र नयराज पन्त (वि.सं. १९७०-२०५९)को 'नेपालको संक्षिप्त इतिहास' (तोत्रराज पाण्डेय, बनारस) नै 'नेपालीले नेपालमा बसी सर्वप्रथम प्रकाशित नेपालको इतिहासको पुस्तक' हो (धनवज्र वज्राचार्य (प्रधान संपादक), 'इतिहास-संशोधनको प्रमाण-प्रमेय', जगदम्बा प्रकाशन, ललितपुर, २०१९ मा नयराज पन्तको 'उपोद्घात', ४५ पृ.) ।

अम्बिकाप्रसाद उपाध्यायको 'नेपालको इतिहास' पहिलोपटक छापिएको १३ वर्षपछाडि तथा तोत्रराज पाण्डेय र नयराज पन्तको 'नेपालको संक्षिप्त इतिहास' छापिनुभन्दा १२ वर्षअगाडि वि.सं. १९९२ मा छापिएको, दिव्यदेव पन्त (वि.सं. १९२०-१९९२)को 'शाहवंशचरित'को चर्चा 'हिस्टरिअग्रफि' अर्थात् 'इतिहास लेख्ने कामको पनि इतिहास'मा चर्चा भएको मैले देखेको छैन । हुन त अम्बिकाप्रसाद उपाध्यायको 'इतिहास' र तोत्रराज पाण्डेय र नयराज पन्तको 'इतिहास'को भन्दा यस 'शाहवंशचरित'को लेखाइको शैली अत्यन्त फरक भएकोले पनि यो पुस्तक इतिहासको कोटिमा नचढेको हुन सक्छ । खुलाएर भन्दा, काव्यात्मक ढङ्गले लेखिएको, छन्दोबद्ध यो 'शाहवंशचरित' गद्यमा लेखिने, चल्तीको इतिहासलेखाइसँग मेल खाँदैन । काव्यमा जस्तै मङ्गलाचरणपूर्वक सर्गबन्ध गरी लेखिएको यस 'चरित'को रूप बाहिरबाट हेर्दा काव्यात्मक नै छ । त्यसमाथि, यो समग्र नेपालको इतिहास पनि होइन । ग्रन्थकारले आफ्नो पुस्तकको नाउँ नै 'शाहवंशचरित' राखेकाले यसमा शाहवंशको मात्र कुरा आउँछ, अरू वंशको आउँदैन भन्ने थाहा भैहाल्यो । जुन साल दिव्यदेव पन्त परलोक भए, त्यही साल वि.सं. १९९२ मा यो 'शाहवंशचरित' प्रकाशित भएकोले आफ्नो अन्तिम अन्तिम अवस्थामा उनले यो पुस्तक छापेको देखिन्छ । २ सर्ग मात्र गाभिएको यस 'चरित'को अन्त्यमा

*'इति श्रीशाहवंशपूर्वचरिते द्वितीयः सर्गः ।*
*इति प्रथमभागः समाप्तः ।'*

लेखिएकोले यसको दोस्रो भाग पनि छाप्ने उनको इच्छा भएको देखिन्छ । उठानमै आफ्नो 'निवेदन'मा उनले यस्तो 'शाहवंशचरित नामक पुस्तक पूरै प्रकाश गर्ने अभिलाषा थियो तापनी यस कार्यमा अनेक विघ्न बाधा उपस्थित भएकाले अहिले यत्ति प्रथमभाग मात्र पाठकहरूका सामने उपहार गरेको छू' लेखेकाले र 'चरित'को अन्तिम श्लोक यस्तो

*'मिहिनत गरियो गवेषणामा,*
*तर विधिको करुणा कमै हुँदामा ।*
*सब चरित प्रकाश गर्नलाई,*
*दिन दिन आश छ कंति नै मलाई ॥' (११२ श्लोक)*

भएकोले यस 'चरित'को अरू भाग छापिने कुरामा उनले आस मारेको देखिन्छ ।

आफ्नो ग्रन्थको विषयमा दिव्यदेव पन्तले 'श्लोक-माधुर्यमा प्रयत्न गरिएको छैन तापनी मेरो यो सत्य ऐतिहासिक खोजमा गुणैकपक्षपाती निर्मत्सर विद्वान् जरूर स्नेह गर्नेछन् भन्ने आशा छ' भनी 'निवेदन'मा लेखेकाले श्लोकमाधुर्यमा जोड नदिई ऐतिहासिक खोजमा आफूले जोड दिएको कुरा उनले स्पष्ट पारेका छन् । यस 'शाहवंशचरित'मा म आकृष्ट भएको त न उनको काव्यशक्तिले हो, न उनको ऐतिहासिक खोजले हो । कमल दीक्षित (वि.सं. १९८६ मा जन्म)को शब्द सापटी लिएर भन्ने हो भने 'जुद्धशमशेरको समयमा श्री ५ हरूको चरित्र लेख्न सक्ने यी कवि साँच्चीकै आत्मबल भएका व्यक्ति' ('बुइँगल', साझा प्रकाशन, काठमाडौं, २०२८, ३४७ पृ.) भएकाले हो । राणाशासनको जल्दोबल्दो अवस्थामा श्री ३ हरूको होइन, श्री ५ हरूको चरित लेख्ने आँट उनले गरेका र 'शाहवंशचरित' लेख्नुको औचित्य यसरी

*'कस्को गर्नु असल् छ यस् बखतमा मैले कवीता भनी,*
*मन्मा ध्यान लित्रा स्मृती हुन गयो मालीकको गर्भनी ।*
*को हो मालिक यो विचार गरदा राजा बुझीया तहाँ,*
*राजाकै कविता म गर्छु खुशि भै जस्तो छ बुद्धी यहाँ ॥'*

**(प्रथम सर्ग, ८ श्लोक)**

देखाई राणावंशलाई राजवंश होइन भनी प्रकारान्तरले भनेकाले म यस पुस्तकतर्फ तानिएको हुँ । यसैले दिव्यदेव पन्तको 'नाम नेपालीहरूले धेरै सुनेको काव्यक्षेत्रमा नभएर जूवाको क्षेत्रमा' ('बुइँगल', ३४७ पृ.) भएकोले ग्रन्थकारको रूपमा उनलाई चिनाउन भनी यो सानो लेख तयार गरिएको छ ।

पाल्पा हुँगीका नीलदेव पन्तले बङ्गालमा पढी मीमांसा, न्याय र वेदान्तका विद्वान्को रूपमा त्यहीँ र काशीमा ख्याति कमाएका थिए । नीलदेव पन्तले नव्यन्यायमा निकै क्रोडपत्र लेखेको चर्चा विद्वन्मण्डलीमा छ (नयराज पन्त, 'हाम्रो उद्देश्य र कार्यप्रणाली', खिलशर्म-राजीवलोचनजोशीस्मारक-प्रतिष्ठान, काठमाडौँ, २०५९, ५० पृ.) ।

काशिकराजकीयसंस्कृतपाठशालाको पढाइ सिद्ध्याएका, पछि महामहोपाध्याय हुने चित्रधर मिश्र (वि.सं. १९०१-१९७७)ले नीलदेव पन्तसँग काशीमा मीमांसा पढेको थाहा भएकोले (बलदेव उपाध्याय, 'काशी की पाण्डित्य परम्परा', विश्वविद्यालयप्रकाशन, वाराणसी, १९८३, ५९४-५९५ पृ.) त्यहाँ स्वतन्त्र रूपले नीलदेवले विद्यार्थी पढाउने गरेको देखिएको छ । श्री ३ जङ्गबहादुर (वि.सं. १८७४-१९३३, शासनकाल वि.सं. १९०३-१९३३)को पालामा वि.सं. १९२५ मा काठमाडौँमा नयाँ खुलेको पाठशालामा नीलदेव पन्त महीनाको ५० रुपियाँ खाने पण्डित भएका थिए । उनीसँग पढ्ने विद्यार्थी १० जना हुन्थे । तिनीहरू प्रत्येकले मासिक ४ रुपियाँ वृत्ति पाउँथे । यी कुरा निजामती किताबखानाको ढड्डाबाट थाहा हुन्छ (शरद्चन्द्र शर्मा भट्टराई, 'राणाशासन-पूर्वार्द्धका केही शैक्षिक तथ्य', 'प्रज्ञा' ५३ पूर्णाङ्क, २०४२, ५५-५६ पृ.) । पाल्पामा शिवालय स्थापनाको लागि त्यहाँ २५ रोपनी जति जग्गा गुठीको लागि पाऊँ भनी नीलदेव पन्तले वि.सं. १९२६ फाल्गुनकृष्णनवमीको दिन श्री ५ सुरेन्द्र (वि.सं. १८८६-१९३८, राज्यकाल वि.सं. १९०३-१९३८)लाई हालेको बिन्तीपत्र गुठी लगत तथा तहसीलकार्यालयमा भेटिएको छ (प्रपन्नाचार्य, 'महामहोपाध्याय पण्डित नीलदेव पन्त', 'गोरखापत्र', २०४२।२।१९।७, ख पृ. र प्रपन्नाचार्य, 'महामहोपाध्याय वाचस्पति पन्त', 'गोरखापत्र', २०४३।३।७।७, ख पृ.) । वि.सं. १९३० भाद्रशुक्लसप्तमीको दिन कम्याण्डिङ जरनल बद्रीनरसिंह (वि.सं. १८७७-१९३१)लाई उनले लेखेको पत्र उनका जनाति भुवनदेव पन्त (वि.सं. २००१ मा जन्म)कहाँ प्रपन्नाचार्य (वि.सं. १९८०-२०७२)ले देखेकाले ('गोरखापत्र', २०४३।३।७।७, ख पृ.) वि.सं. १९३० सम्म नीलदेव पन्तको अवस्थिति स्पष्ट भएको छ ।

नीलदेव पन्तका छोरा वाचस्पति पनि काठमाडौँमा नयाँ खुलेको पाठशालामा वि.सं. १९२५ मा आफ्ना बाबु जस्तै पण्डित भए । उनीसँग पढ्ने विद्यार्थीको संख्या पनि उनका बाबुसँग पढ्ने विद्यार्थी जत्तिकै थियो र ती हरेक विद्यार्थीले उनका बाबुका विद्यार्थीले जस्तै महीनाको ४ रुपियाँ वृत्ति पाउँथे । वाचस्पतिको तलब भने बाबुको जति थिएन, त्यसको आधा मात्र थियो । खुलाएर भन्दा, बाबु महीनाको ५० रुपियाँ खान्थे त छोरा भने २५ ('प्रज्ञा' ५३ पूर्णाङ्क, ५६ पृ.) ।

'भगवद्गीता'मा प्रक्षिप्तांश अर्थात् थपुवा कुरा छ भन्ने प्रचारको विपक्षमा वाचस्पति पन्तले वि.सं. १९३० मा लेखेको 'गीतायाः प्रक्षिप्तत्वोद्घोषणेनात्मानमाख्यापयतो धिक्कारः' भन्ने पुस्तिका उनका नाति शंकरदेव पन्त (वि.सं. १९६६-२०३०)ले वि.सं. २०२९ मा प्रकाश गरेका छन् । संस्कृतभाषामा त्यति पकड नभएका नातिले संस्कृतविद्याका उद्भट विद्वान्, आफ्ना बाजेको कृति प्रकाश गर्दा जान्ने मान्छेहरूलाई देखाएर सावधानीपूर्वक छाप्नुपर्नेमा त्यसो नगरेकाले अनभिज्ञले जबरजस्ती पुस्तक छाप्दा हुने गल्तीले त्यो पुस्तिका भरिएको छ भन्नुपर्दा दुःख लाग्छ । वाचस्पतिले पाणिनीय 'अष्टाध्यायी'माथि 'लक्ष्यदर्शिका' भन्ने टीका रचेका थिए, त्यस टीकाको एउटा पुस्तक राष्ट्रिय अभिलेखालयमा छ भनी प्रपन्नाचार्यले लेखेका छन् ('गोरखापत्र', २०४३।३।७।७, ख पृ.) ।



दिव्यदेव पन्त



शाहवंश-चरितम् ।

सम्वत् १९९२

प्रकाशक—
पं० दिव्यदेव पन्त

गीतामा प्रक्षिप्तांश छ भन्ने कुराको विरोधमा वाचस्पतिले लेखेको पुस्तिका अहिले आफ्नो पासमा नभएकोले संझनाको भरमा र प्रपन्नाचार्यले लेखेको कुरा ('गोरखापत्र', २०४३।३।७।७, ख पृ.)को आधार लिई त्यस पुस्तिकाको विषयमा केही लेख्नुपरेको छ । त्यहाँ वाचस्पतिले आफ्ना बाबु नीलदेवलाई र राजारामलाई गुरु भनी लेखेका छन् । यी राजारामलाई प्रपन्नाचार्यले काशीका प्रसिद्ध विद्वान् राजाराम शास्त्री भनी ठहर्‍याएका छन् । प्रपन्नाचार्यको यो ठहर्‍याइ ठीक भए पनि वि.सं. १९१३ देखि १९२६ सम्म राजाराम शास्त्रीले काशिकराजकीयसंस्कृतपाठशालामा पढाएको र वि.सं. १९३२ मा उनी परलोक भएकाले ('काशी की पाण्डित्य परम्परा', १६०-१६१ पृ.) राजाराम शास्त्रीको समय वि.सं १८३३-१९१७ भनी प्रपन्नाचार्यले दिएकोचाहिँ मिल्दैन । वि.सं. १९२५ मा काठमाडौँको पाठशालामा अध्यापक भइसकेका वाचस्पतिले वि.सं. १९२६ सम्म काशिकराजकीयसंस्कृतपाठशालाका अध्यापक राजाराम शास्त्रीसँग पढ्नु संभव देखिन्छ ।

गीतामा उठेको शङ्का समाधान गर्न रणोद्दीपसिंहले आफूलाई प्रेरणा दिएको भनी त्यस पुस्तिकामा वाचस्पतिले लेखेकाले रणोद्दीपसिंह (वि.सं. १८८१-१९४२, शासनकाल १९३३-१९४२) श्री ३ नहुँदै वाचस्पति उनको नजीक भइसकेको देखिन्छ । त्यस पुस्तिकामा राजगुरु विजयराज पण्डितको निकै प्रशंसा परेको र त्यो लेख्न लोकराजबाट विशेष प्रेरणा मिलेको कुरा त्यहाँ लेखिएको छ । विजयराज (वि.सं. १८६२-१९३५)का नाति लोकराज (वि.सं. १९०९-१९४७) भएका र विजयराजकी छोरी प्रेमकुमारीसँग वाचस्पतिको बिहे यो पुस्तिका लेख्नुभन्दा अगावै भइसकेकोले (दिनेशराज पन्त, 'बडागुरुज्यू विजयराजसँग सम्बद्ध पत्रहरू', खिलशर्म-राजीवलोचनजोशीस्मारकप्रतिष्ठान, काठमाडौँ, २०६८, १४९-१५० पृ. र भूपहरि पौडेल, 'नेपालको विद्वत्परम्परा', नेपाल साहित्यप्रकाशनकेन्द्र, २०५१, ५९४ पृ.) फरियाको नाताले पनि यी तारीफमा पुट मिलेको हुन सक्छ ।

श्री ३ रणोद्दीपसिंहको पालामा वि.सं. १९४१ देखि नेपाली पञ्चाङ्गले नयाँ रूप धारण गर्‍यो । कुरा के भने, वि.सं. १९४० सम्म यहाँ लेखोट पात्रोले काम चलाइन्थ्यो त वि.सं. १९४१ देखि पञ्चाङ्ग छापिन थाल्यो । यस परिवर्तनमा मुख्य हात वाचस्पति पन्तको थियो ( 'इतिहास-संशोधनको प्रमाण-प्रमेय'मा नयराज पन्तको 'उपोद्घात', ११-१३ पृ.) ।

वाचस्पति पन्तलाई नेपालसरकारबाट ' बडा पण्डित'को पदवी मिलेको थियो भनी शंकरदेव पन्तले बोलेका छन् ('नेपाल नेशनल कलेजका समादरणीय प्राचार्य शंकर देव पन्तज्यूको प्रश्नोत्तरमा आधारित संक्षिप्त जीवनी', 'प्राचार्य श्री शंकर देव पन्त स्मारिका', शंकरदेव पन्त मेमोरियल ट्रष्ट, काठमाडौँ, २०६१, २० पृ.) । बेलायतमा संस्कृतका प्रोफेसर सेसिल बेन्डल (वि.सं. १९१३-१९६२) वि.सं. १९४१ मा नेपाल आउँदा श्री ३ रणोद्दीपसिंहको दर्शनभेट उनले मङ्सीर १ गते पाएका थिए । त्यस दर्शनभेटमा वाचस्पति पनि उपस्थित थिए, उनले स्पष्ट र विशिष्ट संस्कृतमा मसँग कुरा गर्दा श्री ३ महाराज पनि आकलझुकल त्यस कुराकानीमा जोडिन आएका थिए भनी सेसिल बेन्डलले लेखेका छन् ('अ जर्नि अफ् लिट्अर्अरि यान्ड् आर्कीअलज्इक्ल् रिसर्च् इन् नेपाल् यान्ड् नर्दर्न् इन्डिअ, डचूरङ् द विन्टर अफ् १८८४-५', युनिभर्सिटि प्रेस, केम्ब्रिज, ई.सं १८८६, ६ पृ.) । त्यही साल श्री ३ रणोद्दीपसिंह शिकार खेल्न भनी तराईमा जाँदा वाचस्पति पन्त पनि सँगै गएको कुरा काशीनाथ आचार्य दीक्षित (वि.सं. १९१७-१९९४)ले आफ्नो डायरीमा लेखेका छन् (नरेन्द्रमणि आचार्य दीक्षितद्वारा संपादित, काशीनाथ आचार्य दीक्षितको 'भएका कुरा', काठमाडौँ, २०३१, १८-२२ पृ.) ।

वि.सं. १९४२ मङ्सीर ९ गते आफ्ना ठाहिँला बाबु रणोद्दीपसिंह र जेठा बाबु जङ्गबहादुरका छोरानातिहरूलाई धीरशमशेर (वि.सं. १८८४-१९४१) का छोराहरूले मारेपछि धीरशमशेरका जेठा छोरा वीरशमशेर (वि.सं. १९०९-१९५७, शासनकाल १९४२-१९५७) श्री ३ भए । '४२ साल पर्वको नाउँले प्रसिद्ध यस काण्डकै सिलसिलामा रणोद्दीपसिंहका पक्षधर पण्डित वाचस्पति पन्तलाई नयाँ श्री ३ महाराज वीरशमशेरले सर्वसाधारण कैदीलाई जस्तो फलामको नेल होइन कि उनको विद्वत्ताको कदर गर्दै चाँदीको नेल ठोकेर उनको रैथाने घर पाल्पा धपाए' भनी सुनेको भरमा मैले एक महीनाअगाडि मात्र लेखेको थिएँ (महेशराज पन्त, 'सेसिल बेन्डल र नेपालको इतिहासको खोजी', 'राजधानी', २०७२।८।१९।७, ४ पृ.) । 'आफ्नु सलाम चाकरीमा आयेन भनेर ... पं. वाचस्पति पंतलाइ ४३ साल चीफ खड्गसम्सेरको देशनिकालाको मौकामा निकालीवक्सेको थियो' ('भएका कुरा', १९९-२०० पृ.) भनी काशीनाथ आचार्य दीक्षितले आफ्नो डायरीमा लेखेको कुरामा अहिले मेरो आँखा परेकोले वाचस्पतिलाई वीरशमशेरले धपाएको समयमा पुनर्विचार गर्नुपर्ने भएको छ । नयराज पन्त ('श्री ३ महाराज रणोद्दीपसिंह', 'पूर्णिमा' २५ पूर्णाङ्क, २०२८, ४२ पृ.)ले 'श्री ३ वीरको शासनकालमा चाँदीको नेल ठोकिई उनी पाल्पातिर धपाइए भन्ने कुरा पनि मैले मातामहबाट सुनेको थिएँ' भनी लेखेकाले वीरशमशेरको पालामा वाचस्पति धपिएका हुन् भन्ने स्पष्ट हुन्छ, ४२ साल पर्वको लगत्तै धपिएको भन्ने कुराचाहिँ आउँदैन । वाचस्पतिका नाति शंकरदेव पन्तले '१९४४ मा खड्गशम्शेरपर्व उठेकाले वहाँमाथि पनि अभियोग लगाइयो । देश निकाला गरियो' ('प्राचार्य श्री शंकर देव पन्त स्मारिका', २० पृ.) भनी बोलेकोबाट पनि काशीनाथ आचार्य दीक्षितको लेखाइकै पुष्टि हुन्छ । आफ्ना मालिक श्री ३ रणोद्दीपसिंह मारिएपछि शमशेर बन्धुहरूसँग चित्त कुँडिएका वाचस्पतिले नयाँ श्री ३ वीरशमशेरको मानमर्यादा नराखेकाले भाइ खड्गशमशेरलाई धपाएको मौकामा वाचस्पतिलाई पनि श्री ३ वीरले निकालेको देखिन आएको छ ।

वाचस्पतिका जेठा छोरा जयदेव (वि.सं. १९१६-१९७५) पनि संस्कृतमा पुस्तक लेख्थे । खुलाएर भन्दा, उनले लेखेका 'कारककलिका' र 'समासकलिका' नाउँका, व्याकरणसंबन्धी २ वटा पुस्तिका प्रकाशित छन् (कल्याण शहर, लक्ष्मीवेङ्कटेश्वर प्रेस, १९६२) त आफ्ना बाबुको 'लक्ष्यदर्शिका'माथि उनले 'लक्ष्यदीर्घिका' लेखेको पनि थाहा भएको छ ('गोरखापत्र', २०४३।३।७।७, ख पृ.) । जयदेवका भाइ दिव्यदेवले भने संस्कृतमा लेखेको पुस्तक देखिएको छैन । उनको एक मात्र ग्रन्थ, नेपाली भाषामा लेखिएको, यस लेखको विषयवस्तु बनेको 'शाहवंशचरित' हो ।

पितृकुल लब्धप्रतिष्ठ विद्वद्वंश र मातृकुल अधिकारशाली राजगुरुवंश भएका दिव्यदेव पन्तको राणाको दरबारमा आवतजावत थियो । बाबुलाई श्री ३ वीरले धपाएपछि पनि काशीनाथ आचार्य दीक्षितको शब्दमा 'दिव्यदेवले पुराना पुराना पुस्तकहरू चढाइ चाकरीमा लंपट् भै, जुवामा बराबर सामेल भै' श्री ३ वीरलाई 'खुसि पार्दै ल्यायेका थिए' ('भएका कुरा', २०० पृ.) । पछि कुनै कारणले दिव्यदेवसँग श्री ३ वीर अप्रसन्न हुँदा दिव्यदेवको जग्गा रोक्का भयो ('भएका कुरा', २०० पृ.) ।

वि.सं. १९५७ मा श्री ३ वीरशमशेर बितेपछि श्री ३ देवशमशेर (वि.सं. १९१९-१९७०, शासनकाल वि.सं. १९५७-१९५८)को उदयसँगै दिव्यदेवको प्रभाव बढेको देखिन्छ । श्री ३ देवको शिक्षाप्रचार गर्ने नीति भएकोले उनका सहयोगीहरूमा दिव्यदेव पन्त पनि थिए ('नेपालको विद्वत्परम्परा', ५९४ पृ.) । सुब्बा दिव्यदेवको मातहतमा वि.सं. १९५९ मा ११ जना पण्डित पाठशालामा पढाउँथे भन्ने कुरा निजामती किताबखानाको दर्शनभेटको ढड्डाबाट थाहा पाइन्छ ('प्रज्ञा' ५३ पूर्णाङ्क, ६०-६१ पृ.) । श्री ३ वीरले रोक्का गरेको, दिव्यदेवको जग्गा श्री ३ चन्द्र (वि.सं. १९२०-१९८६, शासनकाल १९५८-१९८६)को पालामा फुकुवा भयो ('भएका कुरा', १९९-२०० पृ.) । वि.सं. १९७९ मा भारतबाट आएका स्वामी सच्चिदानन्दले श्री ३ चन्द्रको रोहबरमा सिंहदरबारमा पशुबलि शास्त्रविहित होइन भनी बोल्दा त्यसको बिरोध हेमराज पण्डित (वि.सं. १९३५-२०१०) र उनको पक्षका पण्डितहरूले गरे, त्यस सभामा पशुबलिको पक्षमा दिव्यदेव पन्तले पनि बोलेका थिए भनी बालकृष्ण सम (वि.सं. १९५९-२०३८)ले लेखेका छन् ('मेरो कविताको आराधना, उपासना २', साझा प्रकाशन, काठमाडौँ, २०२९, ६-८ पृ.) । पछि वि.सं. १९८२ तिर श्री ३ चन्द्रसँग कुरा नमिल्दा दिव्यदेव काशीतिर लागे । चन्द्रशमशेर परलोक भएपछि मात्र उनी नेपाल फर्के । नयाँ श्री ३ भीमशमशेर (वि.सं. १९२२-१९८९, शासनकाल वि.सं. १९८६-१९८९)ले उनलाई भत्ता दिई कदर गरेका थिए ('नेपालको विद्वत्परम्परा', ५९४ पृ.) ।

'शाहवंशचरित'को मुखपृष्ठमा र 'निवेदन'मा समेत दिव्यदेव पन्तलाई 'प्रकाशक' मात्र लेखिएकोले भ्वाट्ट हेर्दा यस पुस्तकका प्रकाशक मात्र दिव्यदेव रहेछन् कि भन्ने लाग्न सक्छ । तर 'पब्लिशर्'को अर्थमा 'प्रकाशक' शब्द राम्रोसँग रूढ नभइसकेको त्यस जमानामा त्यस शब्दको मूल अर्थ 'प्रसिद्ध पार्ने, चम्किलो पार्ने र देखाउने' भन्ने भएकोले दिव्यदेवले आफूलाई ग्रन्थकारकै रूपमा 'प्रकाशक' भनेको देखिन्छ ।

२ सर्ग मात्र प्रकाशमा आएको, दिव्यदेव पन्तको 'शाहवंशचरित'को पहिलो सर्गमा १२५ र दोस्रो सर्गमा ११२ श्लोक छन् । खास गरी शार्दूलविक्रीडित छन्दमा यो 'चरित' रचिए पनि ठाउँठाउँमा अरू अरू छन्दको पनि प्रयोग भएको छ । पहिलो सर्गको अन्त्यमा 'इति श्रीशाहवंशपूर्वचरिते प्रथमः सर्गः' र दोस्रो सर्गको अन्त्यमा 'इति श्रीशाहवंशपूर्वचरिते द्वितीयः सर्गः' भनी लेखिएकोले 'शाहवंशचरित'लाई उनले 'शाहवंशपूर्वचरित' र 'शाहवंशोत्तरचरित'मा बाँडेको देखिन्छ । प्रकाशित पुस्तकको अन्त्यमा 'इति प्रथमभागः समाप्तः' भनी लेखिएकोले २ सर्गसम्मलाई प्रथम भागमा समेटिएको स्पष्ट हुन्छ ।

गोरखाली शाहवंशलाई राजस्थान मेवाडको राजवंशसँग जोडेर तयार पारिएका पुस्तेवारीका थरीथरीका संस्करण भेटिन्छन् । तिनमध्ये कुनैको आधारमा 'शाहवंशचरित' रचिएको देखिन्छ । यसको पहिलो सर्गमा लम्जुङका राजा नरहरि शाहसम्मको कुरा छ त दोस्रो सर्ग उनका माहिला छोरा द्रव्य शाहको कुराले भरिएको छ । त्यसैले दोस्रो सर्गको नाउँ 'द्रव्यशाहचरित' भनी दिव्यदेवले राखेको सार्थक छ । दोस्रो सर्गमा द्रव्य शाहको कुरा अझै नटुङ्गिएकोले उनको कुरा त्यसपछिको सर्गमा पनि जाने स्पष्ट छ । थरीथरीका वंशावलीहरूमा दिइएको शाहवंशको पुस्तेवारीको विषयमा मैले झण्डै २ वर्षअगाडि एउटा लेख लेखेको थिएँ ('अधिराजवंशावलीमा र अरू वंशावलीमा शाहवंशको पुस्तेवारी', 'अभिलेख' ३१ पूर्णाङ्क, २०७०, १-१२ पृ.) । दिव्यदेव पन्तले 'शाहवंशचरित' प्रकाश गर्नुभन्दा झण्डै ५० वर्षअगाडि छापिएको, श्यामलदासको 'वीरविनोद'मा परेको 'नयपालका इतिहास' (वीरविनोद, २ भाग, ३ खण्ड, राजयन्त्रालय, उदयपुर, ई.सं. १८८६, १८०९-१८८४ पृ.) मा पनि चल्तापुर्जा विद्वान् दिव्यदेव पन्तको आँखा परेको हुनु धेरै संभव छ । थरीथरीका वंशावली र श्यामलदासको पुस्तकसँग 'शाहवंशचरित'मा दिइएको इतिहासको विवेचना गर्नु आवश्यक छ । यो सानो लेखमा त्यसो गर्नु संभव नभएकोले पछिको लागि त्यसलाई थाँती राख्नुपरेको छ ।

'अपि माषं मषं कुर्याच्छन्दोभङ्गं न कर्हिचित्' अर्थात् 'माष'लाई 'मष' लेख्नू, छन्दोभङ्गचाहिँ कहिल्यै नगर्नू भन्ने उक्तिलाई चरितार्थ गर्दै यस 'शाहवंशचरित'मा छन्द मिलाउनको लागि शब्दहरू तोडमोड गरेको जति पनि देखिन्छ । संस्कृतव्याकरणमा उनको त्यति बिदि पकड थिएन कि भन्ने शङ्का उनले 'नम्र'को ठाउँमा 'नम्म्रित' (२ सर्ग, २ श्लोक) लेखेकोबाट उठ्न गएको छ ।

सनातन धर्मको जीवनपद्धतिमा भएको, आफ्नो आस्था दिव्यदेवले द्रव्य शाहको गोरखाविजयको बयान गर्ने व्याजमा प्रकट गरेका छन् । त्यो आस्था भारतमा अङ्ग्रेजको शासन आएपछि चातुर्वर्ण्य र त्यसका रीतिरिवाजमा आघात पार्न बनेका ऐनकानूनको विरोधमा प्रतिबिम्बित छ (द्वितीय सर्ग, ६२-६५ श्लोक) । जुन बेला 'शाहवंशचरित' छापियो, त्यस बेला भारतमा अङ्ग्रेजी शासनबाट स्वतन्त्र हुने लहर उर्लिरहेको थियो । यस लहरको बागडोर मोहनदास करमचन्द गान्धी (वि.सं. १९२६-२००४)को हातमा थियो । अङ्ग्रेजी शासनको विरोधमा यो लहर उर्लेको भए पनि यसका नायकहरू 'भारतीय भए पनि रुचि, विचार, बोलीचाली र बुद्धिले अङ्ग्रेज' (थोमस बाबिङ्टन मकौली (वि.सं. १८५७-१९१६)को वि.सं. १८९१ को मिनिटबाट मेरो उल्था) नै थिए । नयराज पन्तको शब्द उधारो लिएर भन्ने हो भने 'अङ्ग्रेजी शिक्षा पाउनेको संख्या बढ्ता हुँदै गएकोले सरकारी नोकरी दुर्लभ हुन' जाँदा 'यी काला अङ्ग्रेजहरू अङ्ग्रेजी साम्राज्यको विरोधी भएर निस्के, यिनीहरूकै बहुमतले भारतमा अङ्ग्रेजविरोधी आन्दोलन उठ्यो' ('हाम्रो उद्देश्य र कार्यप्रणाली', ९ पृ.) । अङ्ग्रेजी शासनको विरोध गर्दा गर्दै पनि गान्धीहरू भारतमा अङ्ग्रेजले चलाएका ऐनकानूनको भने समर्थन गर्थे । यसैले गान्धी तथा उनका सहचर जवाहरलाल नेहरू (वि.सं. १९४६-२०२१) र मदनमोहन मालवीय (वि.सं. १९१८-२००३)लाई द्रव्य शाहले गोरखा जित्नुभन्दा अगाडिका विधर्मी शासकसँग तुलना गरी दिव्यदेवले यस्तो लेखेका हुन्–

*'जस्तै धर्म–विरुद्ध ऐन वनिये अंग्रेजका राज्यमा,*
*गान्धी नेहरु मालवीयहरुका नेतृत्व–साम्राज्यमा ।*
*गोर्खाभित्र पनी उसै तरहले राजा हुँदा नास्तिक,*
*बन्थे मन्परि धर्मनाशक हरे ! कानून नानाविध ॥'*

**(द्वितीय सर्ग, ६२ श्लोक)**

शासकको तारीफ गरी कवि र लेखकहरूले भाटको चरित्र देखाइरहेको जमानामा दिव्यदेव पन्तले मौकापरस्ती नगरीकन लेखेको 'शाहवंशचरित'को ठाउँ नेपाली वाङ्मयको इतिहासमा अलि विशिष्ट छ भन्ने यतिसम्मका कुराबाट स्पष्ट हुनुपर्छ । (भूपहरि पौडेलको 'नेपालको विद्वत्परम्परा' ५९३ पृ.बाट)



## कालजयी गायक संगीतकार

# गणेश रसिक

**रेडियो नेपाल पुग्दा संगीतकार नातिकाजी, शिवशंकर, तारादेवी, अंग्रेजी समाचार वाचिका विणा राणा र त्यस बेलाका चर्चित गायक उद्घोषक ध्रुव केसीबिचमा हिटर राखेर वरिपरि कुर्सीमा आसन जमाएर गफ चुटिरहेका भेट्थे तर कसैसँग बोल्ने आँट हुन्थेन, रसिकसँग।**



● टीका भण्डारी

हट्ने हैन डटी लड्ने नेपालीको बानी हुन्छ, गाउँछ गीत नेपाली ज्योतिको पंख उचाली, हे वीर हिँड अघि सरी, आमा भएर बोकी हेर सन्तानका पिरहरू, सुन नेपाली हो नेपालमा जन्मदै नेपाली हुनेहरू, जय जय काली जय जय गोरख, बाँच्न जन्मेको नेपाली म, तराई हेर कति राम्रो हरियो वन हुनाले, यो नेपाली ठिटो मागी मिठो खादैन, न खेल्नु जुवा र तास धनको नाश जीवनको वनबास, कहाँको दर्जी भनौला विष्ट, रातो भाले क्वायँ क्वायँ सुत्केरीलाई ख्वाएँ, मलाई प्यारो लाग्छ, लहरा पहरा छहराको देश, घर बेटी नानी आँगनीमा देउन मलाई बास, ट्याक्सी गुडाउँदै बाइरोडको बाटोमा धुलो उडाउँदै, चुइँ चुइँ चुइँकिने जुत्ता, सहरै जाउँला नि धन कमाई ल्याऊँला, काफल पाक्यो काफल पाक्यो भन्छ चरीले, ओ याङ्जी नाना, तिमीले बिर्से नि लाखै छ, म त हजुर गाइने, सही दिन्छु कुट बरु वचनले नकुट, हामी धेरै साना छौं हाम्रो मुटु सानो छ, ए है है आज भेडा बाख्रा कता लाने, खरबारी डाँडा यता लेऊ न, मेरो बर्कतले भ्याएसम्म आदि गायक संगीतकार गणेश रसिकलाई सुप्रसिद्ध बनाउने सिर्जना हुन्। संगीतकार गायक गणेश रसिकले जीवनमा ३ सयभन्दा बढी यस्ता मन छुने आधुनिक, लोक, स्वदेश गान तथा अन्य गीतको संगीत, संकलन, गायन तथा लेखन कार्य सफलताका साथ् सम्पन्न गरेका छन्।

### बाल्यकाल र परिवार

धूपी, सल्ला, चियाका बुट्यानहरू, सिमखर्क, छिनामखु, यसकै सुन्दर परिवेशमा भोजपुरको नौला गाउँ। यही गाउँमा गायक, संगीतकार एवं कवि गणेश रसिकको जन्म भयो जहाँ चौबिसै घन्टा भुइँकुहिरोहरू हरिया नागिहरूलाई चुम्बन गर्दै दौडिरहेका नाचिरहेका हुन्छन। जहाँ उनका बाल्य उमेरका साथी सहेलीहरू काले जैसी, बन्से, भक्त भाइ, जीवा साने, टंक, गोरे, मसिनीसँगका बाल्यपन लुकेका छन्। कृष्ण, दिपी, फुर्तुनी, काली, मौलाधन, बाँखुरी माइली आदिका सम्झनाहरू गहिरो सानिध्यमा उनिएका छन्। सिमखर्क र रानीवनको जंगलमा चराका बच्चाहरू खोज्नु, जुरी र साध खोलाहरूमा पसेर मन पाहाहरू समाउनु, भकारे चौरमा निस्केर डन्डीबियो खेल्नु, भेडीगाँठो र छेलो हान्ने खेल्नु उनका बाल्य दिनचर्या नै थिए। चप्लेटी ढुंगा र जुरीको थाप्लोमा पुगेर खोपी, गट्टी र बाघचाल खेल्नु अनि बगर र भोक्सिमा भोटेपाती पोलेर ढुंगामा बजारेर पड्काउँदै इन्द्रेणीको फलमा प्वाल पारेर बजाउनु, अंगेरिको पातमा कनीकनी गीत सुसेल्नु, ए है है आज भेडाबाख्रा कता लाने भन्दै गीत गाउँदै भेडाबाखा चराउनु, तिनका बारेमा गोठाले साथीभाइसँग रमाइला रमाइला संवाद गर्नु उनका बाल्य जीवनका कहिले भुल्नै नसकिने सम्झनाका तरेलीहरू हुन्।

गायक तथा संगीतकार गणेश रसिक नरोत्तम राई तथा आमा रत्नमाया राईका सन्तान हुन्। उनको जन्म २००४ साल असोज ४ गते भोजपुर जिल्लाको छिनामखु-५ नौला गाउँमा भएको हो। उनले रेडियो नेपालबाट २०३२ सालमा उत्कृष्ट गीतकार तथा संगीतकारको पुरस्कार पाएका छन्। गणेश रसिक नेपाली संगीतको क्षेत्रमा लोकप्रिय संगीत समूह राल्फा, लेकाली हुँदै रेडियो नेपालका गायक संगीतकार एवं गीतकार बनेका हुन्।

### राल्फा र रसिक

भोजपुर जिल्लाबाट साहित्यिक फाँटमा चर्चित बनेका मञ्जुल, निनु, नोरेम, ओखलढुंगाबाट सांगीतिक फाँटमा उदाएका संगीतकार रामेश, रायन, अरिम राल्फासँग पनि एकताका गहिरो नातामा जोडिएका व्यक्तित्व हुन्, रसिक। गणेश रसिक यही समूहका एक सदस्य थिए, त्यो बेला। राल्फा एक किसिमको जन विद्रोह थ्यो, तत्कालीन सामाजिक सांस्कृतिक विकृति विसंगति प्रतिको तीव्र आक्रोशसँग जोडिएको साहित्यिक सांस्कृतिक आन्दोलनसमेत थियो। २०२२-०२३ सालतिर रामेश मञ्जुलहरू रेडियो नेपालबाट आफ्नो कला संगीत र परिश्रमको उचित मूल्यांकन नभएको भन्दै असन्तुष्टि जनाउँदै बाहिरिएपछि रामेश मञ्जुलहरूकै सक्रियतामा राल्फा संस्थाको स्थापना भएको थियो। यसको एक अदृश्य सल्लाहकार साहित्यकार पारिजातसमेत थिइन्। भारतमा हंग्रो जेनेरेसन, युरोपमा बिल्स र बिट्निक, मार्क्युजिय नवबाम विचारले युवाहरूमा प्रभाव विस्तार गरिरहेको परिप्रेक्षमा नेपालमा पनि त्यसको प्रभावको रूपमा राल्फा पनि थियो भनिन्छ। त्यसबेला राल्फालीहरूले तत्कालीन समाजले भोगिरहेका अन्याय, अत्याचार, शोषण, उत्पीडन, अराजकता, दमनपूर्ण सांस्कृतिक विचलनका विरुद्ध सामाजिक चेतना भर्ने गीत संगीत गाउँदै गाउँ, बस्ती र तिनका कुना कन्दरामा अत्यन्तै लोकप्रिय सांगीतिक समूहका रूपमा स्थान जमाएका थिए। यो समूहबाट पनि रसिकले गीत गाउँदै केही महत्त्वपूर्ण कार्यक्रम गरे तर रसिक केही वर्षको अन्तरालमै समूहबाट बाहिरिए र आफ्नै तजबिजमा लेकाली समूह गठन गरे। त्यसबेला राल्फासँग एक किसिमको प्रतिस्पर्धा जस्तो अवस्थासमेत रह्यो उनीहरूको। तर, रशिक रामेश मञ्जुलसँग सल्लाह गरेरै लेकाली समूह खोलेको बताउँछन्।

### लेकाली समूह र रसिक

२०२४ साल श्रीपञ्चमीको दिन स्थापना भएको लेकाली समूहका सूत्रधारमध्येका एक हस्ती हुन्, गणेश रसिक र अर्का स्रष्टा हिरण्य भोजपुरे हुन्। यो समूहमा अन्य कलाकारहरूमा उर्मिला श्रेष्ठ, निर्मला श्रेष्ठ, तीर्थ शेरचन, इन्द्रनारायण, शशी भण्डारी, कमला श्रेष्ठ, नवीनकिशोर राई थिए। यस समूहको उद्देश्य एक किसिमले पिँजडामा थुनिएको नेपाली समाजलाई गीति सन्देशको माध्यमबाट मुक्त गर्ने, जागरण र चेतना फैल्याउने नै थियो। उनीहरूले पनि सुरुआतमा राल्फालीहरूले झैं प्रगतिशील धार नै समातेका थिए। गणेश रसिक, हिरण्य भोजपुरे लगायतका कलाकारले २०२६ सालमा राष्ट्रिय नाचघरमा प्रस्तुत गरेको कार्यक्रममा देशको गीत, हुस्सुले छोपेको सहर, एउटा बुढो माग्ने, एउटा बालिकाको जिज्ञासा, माथि माथि सुन्तले, नबस झ्यालैमा, साहिँला साहिँला, मुरली बज्यो, मैनाचरी मैदानमा, मुरली बज्यो, दुःखीहरूप्रतिको दयामाया, बसुन्धरा बहिनी, एवा खोला १२ ओटा प्रगतिशील धारका गीत गाएका थिए। उनीहरूले लडेर नहार्ने नेपाली छाती, त्यो कुहिरो जताततै हिँड्छ छोरी, एउटा बुढो रुख, कति दिन बाँच्नुजस्ता गीत पनि गाएर नेपाली समाजमा बेग्लै छाप र प्रभाव छोडेका थिए।

त्यसबेलाको चर्चित गीत 'लहर पहरा छहराको देश' गीतलाई आधार मानेर 'छहराको गीत' नामक कार्यक्रमसमेत प्रस्तुत गरेका थिए, उनीहरूले। २०२५ सालमै प्रहरी क्लबको रंगमञ्चमा लेकालीहरूले पहिलो कार्यक्रम प्रस्तुत गरेका थिए। जब रेडियो नेपालबाट ए है है आज भेडा बाख्रा कता लाने, काफल पाक्यो, लहरा पहरा, टेम्के डाँडा, खोलाको तीर नाचेर हिँड्छ आदि गीत उनीहरूका घन्किन थाले, त्यसपछिका दिनमा कहिलै पछि फर्केर हेर्नुपरेन। लोक भाखा, लोक थेगो, लोक शैली, झर्रा शब्दावली, उखान तुक्का, गाउँबेसीका चलन चल्तीका शब्दहरू लेकालीका गीति हरफहरूमा उनिएका हुन्थे। त्यही कारण नेपाली संगीतमा स्थापित हुन पुग्यो, लेकाली। त्यसबेलाको काठमाडौंको गरिबी, अभाव, दुःखका क्षणहरूले नै रसिकलाई नेपाली छाती, हुस्सुले छोपेको सहर, एक्लो छु म बजार बीच, पहाड उक्लेर जाऊँ म, यहाँ त मेरो कोही छैनजस्ता धेरै गीत लेख्ने संगीत गर्ने प्रेरणा मिलेको हो।

### रेडियो नेपाल र रसिक

त्यसबेलाको राज्यको एक मात्र प्रसारण सञ्चार माध्यम रेडियो नेपाल, देशभरिबाट कलाकारहरू कुम्लो कुटुरो बोकेर रेडियो नेपालको आँगनमा बरालिरहेका हुन्थे। जाडोको बेला हुस्सुले छोपेको काठमाडौं, एकाबिहानै थरथर काँप्दै रसिक रेडियो नेपाल पुग्थे, मीनभवन होस्टेलबाट। रेडियो नेपाल पुग्दा संगीतकार नातिकाजी शिवशंकर, तारादेवी, अंग्रेजी समाचार वाचिका विणा राणा र त्यस बेलाका चर्चित गायक उद्घोषक ध्रुव केसीबिचमा हिटर राखेर वरिपरि कुर्सीमा आसन जमाएर गफ चुटिरहेका भेट्थे। तर, कसैसँग बोल्ने आँट हुन्थेन, रसिकसँग। उनीहरू क्यान्टिनबाट चिया मगाएर खान्थे, रसिक रित्तो खल्ती उनीहरूलाई हेरिरहेका हुन्थे। एक किसिमको भय, संकोच अनि केही अपेक्षा, आशा, जीवन लक्षप्रतिको निरन्तर आस्था उनको। ती व्यक्ति रसिकका दृष्टिकोणमा अत्यन्तै सम्मानित, पुजनीय र अत्यन्तै आदरणीय थिए, उनका लागि। तिनको सामीप्यतामा रहन पाउनु, सक्नुमै पनि उनीमा गर्वानुबोध थियो, मनभित्र एक खालको खुसीको तरंग थियो। केही महिनापछि मात्र उनलाई बल्ल संगीतकार नातिकाजीसँग बोल्ने हिम्मत जाग्यो। स्वर परीक्षामा उत्तीर्ण भइसके पछि उनीमा एक किसिमको आत्मविश्वास जागेर आयो। निडर भएझैं गरेर हिम्मतका साथ कुरा राखे, गीत गाउँने डेट मागे तर तत्काल डेट मिलेन। तर, केही समयपछि नै उनले आफ्नो सिर्जनात्मक क्षमता प्रदर्शन गरेर रेडियो नेपालमा गीत गाउने अवसर प्राप्त गर्न थाले। त्यसपछि उनको दिन घामजत्तिकै खुल्न गयो।

२०२५ सालमा सहिद दिवसको अवसरमा तत्कालीन नगरपञ्चायतले आयोजना गरेको प्रतियोगितात्मक कवि सम्मेलनमा कविता वाचन गरेर यिनी प्रथम मात्र भएनन्, १ हजार ५ सय रुपैयाँ नगद पुरस्कारसमेत प्राप्त गरे। त्यही पैसाले उनले न्युरोड हार्मोनियम माइलाको पसलमा गएर १ सय ७५ मा हार्मोनियम किने। आफ्नै पौरखले एक दिन उनी हार्मोनियम किन्न चाहन्थे त्यो दिन सफलता प्राप्त गरेरै छोडे। अझै पनि त्यही हार्मोनियम बजाइरहेछन्, उनी।

### एक कालजयी स्रष्टा

रसिकका गीतहरू कालजयी प्रकृतिका छन्, रसिक गीतमै कथा लेख्ने गीतकार पनि हुन्, गीतमा जीवन्त संगीत भर्ने सर्जक पनि हुन्। लोकको भाव प्रस्तुत गर्ने मिठो बोलिका गायक पनि हुन। संघर्षका सुरुआती चरणमा उनले चरीको कहाँ छ र भर, कहाँको दर्जी भनौला विष्ट, घरबेटी नानी, रिड्दै आयो घुम्दै आयो, न खेल्नु जुवा र तास, दूध तताइराख, कहाँ मा काट्यो वेतकोजस्ता गाउँबेसीका सुमधुर लोकभाखासमेत रेडियो नेपालमार्फत गुन्जाए जुन गीतहरूले रसिकलाई लोक गायनको क्षेत्रमा लोकप्रिय बनाएका छन्। यस्तै, रसिकले गाएका अन्य चर्चित लोक गीतहरूमा रातो भाले क्वायाँ क्वायाँ सुत्केरीलाई ख्वाएँ, ए है है आज भेडा-बाख्रा कता लाने आदि गीतहरू पनि उत्तिकै चर्चित बनेका छन्। रेडियो नेपालको रेकर्डमा उनले गाएका र उनले अन्य कलाकारलाई साथ दिएका यस्ता उत्कृष्ट लोकगीतको संख्या ३ दर्जन रहेको छ।

यसैगरी, आधुनिक संगीतमा पनि गणेश रसिकको योगदान उत्तिकै छ। रसिकको संगीतमा धेरै सम्झे धेरै हुन्छ रचना-रसिक, गायक-इन्द्रनारायण, मसँग एउटा तारा छ रचना-वासु शशी, स्वर-कमला श्रेष्ठ र गणेश रसिक, काफल पाक्यो रचना-गणेश रसिक, स्वर-कमला श्रेष्ठ, उर्मिला श्रेष्ठ, माया नगर रचना-गणेश रसिक, स्वर राजेन्द्र गुरुङ, आज कुन पहाड रचना-गणेश रसिक, स्वर-निर्मला श्रेष्ठ, के छ तिम्रो रचना-प्रेमा शाह, गायक हिरण्य भोजपुरे, जाँदा-जाँदा बाटो रचना-भगवती नकर्मी, स्वर-कमल श्रेष्ठ, बोल्न पाएँ रचना-गणेश रसिक, स्वर-सूर्य थुलुङ, लैजाऊ बैगुनी रचना-गणेश रसिक, स्वर-उर्मिला श्रेष्ठ, सपनामा तिमीलाई रचना-विश्व बल्लभ, स्वर-सुद्धि एस राई, आज कुन पहाड रचना-गणेश रसिक, स्वर-निर्मला श्रेष्ठ, तिम्रो परेली रचना/स्वर-गणेश रसिक, ओ यांग्जी नाना आफ्नै स्वर-संगीत आदि रसिकका लोकप्रिय संगीत हुन्। यस प्रकारका उनीद्वारा संगीतबद्ध दुई दर्जन आधुनिक गीत रेडियो नेपालबाट नियमित रूपमा आज पनि प्रसारण भइरहेका छन्। कतिपय गीत र एल्बम फुटकर रूपमा समेत प्रकाशन गरेका छन्। उनले अन्य गायक-गायिकाहरूका लागिसमेत गीत पनि लेखेका छन्। जस्तै, सूर्य थुलुले रसिककै संगीतमा गाएको बोल्न पाए, उनकै संगीतमा शम्भु राईले गाएको तिम्रो मनभित्र, मोहनकृष्ण कार्की ढलीको संगीतमा कमला श्रेष्ठले गाएको दुःख सहने बानी, हिरण्य भोजपुरेको संगीतमा रसिकले गाएको लैजाऊ बैगुनी लैजाऊ, इन्द्रनारायण गाएको धेरै सम्झे धेरै हुन्छ, संगीत गणेश रसिक, राजेन्द्र गुरुङले गाएको माया नगर, संगीत गणेश रसिक आदि गीत सबै गणेश रसिकले नै लेखेका गीत हुन्।

रसिकले सांगीतिक जीवनको सुरुआती चरणतिर आफ्नै शब्द-संगीतमा तिम्रो परेली, वासु शशीको रचना आफ्नै संगीतमा मसँग एउटा तारा, पम्फा केसीको रचना आफ्नै संगीतमा हुनु थियो कसैको, इन्द्रनारायणसँग युगल मेरो सोच्नुपरे आदि गीत पनि गाएका छन्।

### कृति, पुरस्कार र सम्मान

रसिक सधैं सिर्जनामै रमाउँछन्। सांगीतिक जीवनका प्रारम्भिक चरणमा नवीनतम फुटकर सिर्जनामा रमाएका रसिकले २०२५ सालमा क्षितिज खोज्दा कथा संग्रह, २०२७ सालमा आएर एउटा सारंगीभित्र कथा संग्रह प्रकाशन गरे, २०४५ सालमा रसिकका गीतहरू गीत संग्रह प्रकाशन भयो। २०४८ सालमा आकाश गंगाको ओतमुनि उपन्यास, २०५५ सालमा जब सिस्नुहरू टेक्दै हिंडें संस्मरण, २०५७ सालमा कथा संग्रह बिलाउँदै गएको गीत, २०६२ सालमा दसगजामा उभिएर संस्मरण, २०६७ मा स्वाधीनताको पीडा गीत संग्रह, मेरो अतीत गीति एल्बम (२०४८, अन्तराल गीति क्यासेट भाग-१ प्रकाशन भए। त्यस्तै, केही कृति सम्पादन तथा अनुवादसमेत गरेका छन्, रसिकले।

राष्ट्रिय युवा महोत्सवमा कथामा प्रथम पुरस्कार (२०२४), एकेडेमीद्वारा आयोजित कविता महोत्सवमा प्रथम (२०२८), शुभराज्यभिषेक पदक (२०३१) गो.द.वा. चौथो (२०३५), रेडियो नेपाल उत्कृष्ट गीतकार (२०३८), रत्नश्री स्वर्ण पदक (२०४५), छिन्नलता गीत पुरस्कार (२०५६), गद्दी आरोहण रजत पदक (२०५६), बासु-शशी स्मृति पुरस्कार (२०६०), कला संगीत सम्मान (२०५७), शशांक प्रतिष्ठान तथा धुलाबारी जेसिजद्वारा सम्मान २०५९ आदि थुप्रै सम्मान र अभिनन्दन प्राप्त गरेका छन्।

गणेश रसिक राजनीतिमा पनि होमिएका व्यक्तित्व हुन्। २०५६ सालमा राष्ट्रिय प्रजातन्त्र पार्टीबाट इलामको क्षेत्र नम्बर-१ बाट संसद्को उम्मेदवार भएर चुनाव लडे तर अकल्पनीय पराजय भोगे। यिनलाई राजनीति पटक्कै फापेन।

### मेरो अध्ययनमा रसिक

गणेश रसिकलाई अत्यन्तै नजिकबाट अनुभूत गर्ने अवसर पाएको छु। उनी इलाम म झापाको भए पनि हाम्रो बासस्थानको दूरी डेढ घन्टाको मात्रै छ। झापामा सम्पन्न हुने कतिपय मेरा कार्यक्रममा प्रमुख अतिथि बन्न उनी इलामबाट झापा झरेका पनि छन्, म पनि इलामको उकालो धेरै पटक चढेको छु। रेडियो नेपालको कार्यक्रम साँझ आवाजमा उनले आफ्ना जीवनका कालजयी सिर्जनाहरू सगौरव प्रस्तुत गर्दाका सम्झनाहरू पनि उत्तिकै छन्। उनका काव्यिक रचनाहरू उत्तिकै पठनीय पनि छन्, पाठकहरूमाझ। रसिक नेपाली साहित्य लेखनका एक अब्बल स्रष्टा, गीति लेखनका एक उत्कृष्ट सर्जक अनि गायन आकाशका उज्ज्वल तारा हुन् भनेर जो कोहीलाई ठम्याउन गाह्रो पर्दैन। जसरी निरन्तर साधना र संघर्षको परिणामका रूपमा संस्थागत रूपमा लेकालीको जन्म भयो र श्रोतामाझ लोकप्रिय बन्यो व्यक्तिगत रूपमा त्यसरी नै उनी पनि संघर्ष र साधनाकै सुखद परिणाम हुन्। उनको वास्तविक धरातल लोक संगीत नै हो। हुन पनि लोक संगीत नै सबै खाले नेपाली संगीतको जननी पनि हो। तर, रसिकहरूले सिर्जना गरेका कतिपय धुनहरू अत्याधुनिक पनि उत्तिकै छन्। नेपाली संगीतमा नवीन रूप र शैली उनका नवीनताहरू हुन्, त्यसभित्रै सिर्जनशील बान्की छटाहरू पनि छन्। त्यति ठुलो भारतमा भन्दा नेपालमा गायक गायिका र गीतकारहरू धेरै छन् भन्ने रसिक वास्तविक रूपमा नेपाली संगीतमा संख्यात्मकभन्दा गुणात्मक विकासलाई नै राष्ट्रले प्रोत्साहन गर्नुपर्ने मान्यतासमेत राख्दछन्। उनी संगीतमा पनि समाजका अँध्यारो पक्षलाई निरुत्साहन गर्नुपर्ने र चम्किला र उज्याला पक्षहरूलाई प्रोत्साहन गर्नुपर्ने सोच राख्ने स्रष्टा पनि हुन्। उनीद्वारा गाइएका, लेखिएका, संगीतबद्ध गरिएका राष्ट्रिय भावका गीतहरूले उनको राष्ट्रप्रतिको उच्च सम्मान र गौरवानुभूति अभिव्यक्त गर्दछ। उनी राजनीतिमा पनि झुकाव राख्ने कलाकार हुन् तर राजनीतिका उनी असफल खेलाडी हुन्। जीवन विभिन्न कालखण्डमा विभिन्न महत्त्वपूर्ण सांस्कृतिक पदमा रहेर कार्य गरिसकेका उनी यसबेला संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको सदस्य-सचिवजस्तो गरिमामय पदमा रहेर संगीत तथा नाट्य क्षेत्रको विकासमा क्रियाशील छन्।







# फेरिँदै जीवनशैली

**हाम्रोजस्तो विकासोन्मुख देशमा पूर्वाधार तथा सिँचाइ आयोजनाको विकासका लागि धेरै समस्या छन्। स्वदेशको पुँजीले मात्र यी सबै काम गर्न त्यति सहज पनि छैन।**



शिव दुवाडी

सोलुकी अनिता राईको मासिक आम्दानी अहिले २५ हजारभन्दा बढी छ। दुई वर्षअगाडिसम्म उनलाई चारजनाको सानो परिवारका लागि हातमुख जोर्ने व्यवस्था गर्नै हम्मेहम्मे हुने गरेको थियो। दुई वर्षकै छोटो अन्तरालमा उनमा यति ठुलो परिवर्तन ल्याइदिन आफ्नै गाउँको पानी घट्ट सहायक सिद्ध बन्यो।

एसियाली विकास बैंक (एडीबी) को आर्थिक सहयोगमा सोलुखुम्बु र ओखलढुंगाका विभिन्न गाउँमा सञ्चालित विकेन्द्रित ग्रामीण पूर्वाधार तथा जीविकोपार्जन आयोजनाले छोटो समयमै उनको जीवनस्तरमा यति ठुलो परिवर्तन ल्याएको हो। सो आयोजनाको निर्माणसँग गाउँमा स्थापना भएको पानीघट्ट अहिले अनिता आफैंले सञ्चालन गर्दछिन्। सोही घट्टले उनको दैनिकी राम्रोसँग चल्न थालेको छ।

त्यस्तै, समुदायमा आधारित सिञ्चित कृषि क्षेत्र आयोजना तथा विकट पहाडी जिल्लाका गरिब परिवारका व्यक्तिका लागि कृषि सडक आयोजनाले पनि अनितालाई जस्तै त्यस क्षेत्रका सयौं घर परिवारलाई प्रत्यक्ष फाइदा पुगेको छ। ओखलढुंगाकी कमला राईले अहिले आफ्नै बारीमा फलेको काउली, बन्दा, गोलभेंडा, मूला, आलु, सुन्तला, जुनारजस्ता मौसमी फलफूल र तरकारीको बिक्री गरी मासिक ३० हजारको हाराहारीमा आम्दानी गर्न थालेकी छन्। एडीबीकै सहयोगमा सञ्चालित उपक्षेत्रीय यातायात अभिवृद्धि आयोजनाले पनि ग्रामीण भेगका अनिता र कमलालगायतका हजारौं घरपरिवार लाभान्वित भएका छन्।

विकट ग्रामीण बस्तीमा सडक सञ्जाल पुगेपछि उनीहरूको जीवनशैलीका एकाएक परिवर्तन आउन थालेको हो। सडक पुगलगत्तै ग्रामीण सिँचाइ आयोजना, घट्ट सञ्चालन, तरकारी खेतीजस्ता थुप्रै काम ती क्षेत्रमा हुन थाले। त्यसबाट बिस्तारै स्थानीय व्यक्तिहरूले एकातिर रोजगारीको अवसर प्राप्त गर्ने र अर्कोतर्फ आय-आर्जनको अवसर सिजना हुने गरी दोहोरो फाइदा हुन पुग्यो।

एडीबीका नेपालस्थित कन्ट्री डाइरेक्टर केनिची योकोयामा आफ्नो लगानीमा त्यस्तो विकट ग्रामीण क्षेत्रकमा मानिसमा आएको त्यति ठुलो परिवर्तनबाट दंग छन्। सुरुमा आफूले ती क्षेत्रको अवलोकन गर्दा हातमुख जोर्न पनि धौधौ परेको पाइएका मानिस अहिले आफैं लघुउद्यमी बनेको उनले देखे। त्यस्तो देख्दा ती क्षेत्रमा आय-आर्जनका थप आयोजना सञ्चालन गर्नसमेत सघाउने वचन दिन उनी पछि परेनन्।

हाम्रोजस्तो विकासोन्मुख देशमा पूर्वाधार तथा सिँचाइ आयोजनाको विकासका लागि धेरै समस्या छन्। स्वदेशको पुँजीले मात्र यी सबै काम गर्न त्यति सहज पनि छैन। यसर्थ, एडीबीलेजस्तै अन्य दातृ निकायले पनि यस किसिमका पूर्वाधार निर्माण र आय-आर्जनका कार्यक्रम सञ्चालन गर्न सकेमा त्यसबाट धेरै मानिसको जीवनशैली फेरिने अपेक्षा गर्न सकिन्छ।

# ‘खेल क्षेत्रको महत्त्व बुझ्न आवश्यक’



**राजधानी समाचारदाता/काठमाडौं**

राष्ट्रिय खेलकुद परिषद् (राखेप) का संरक्षक प्रधानमन्त्री केपी ओलीले खेल क्षेत्रको व्यापक महत्त्वलाई बुझेर अगाडि बढ्न आवश्यक रहेको धारणा व्यक्त गरेका छन्। मदन भण्डारी स्पोर्ट्स एकेडेमीको स्थापना दिवसका अवसरमा शुक्रबार त्रिपुरेश्वरस्थित राखेप हातामा आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले सो धारणा व्यक्त गरेका छन्।

‘राष्ट्रको उन्नति, प्रगति, विकासका निम्ति खेल क्षेत्रको व्यापक महत्त्वलाई बुझेर अगाडि बढ्न आवश्यक छ,’ प्रधानमन्त्री ओलीले भने, ‘निजी, समूहगत, दलगत, गुटगत स्वार्थपूर्तिका निम्ति नभई मानव जाति र राष्ट्रको प्रगतिका निम्ति खेलकुदलाई अगाडि बढाउनुपर्छ।’

प्रधानमन्त्री ओलीले खेलमैत्री र खेलकुदमार्फत सिंगो नेपाललाई मैत्री बनाउने वातारण बनाउनुपर्नेमा जोड दिए। उनले खेलकुद जगत्को एकताको भावनाले नकारात्मक सोचलाई पराजित गर्न सक्ने बताउँदै आजको आवश्यकता पनि त्यही भएको बताए। उनले खेलकुदलाई अगाडि बढाउने सन्दर्भमा सरकार तयार भएको प्रतिबद्धता जनाउँदै मदन भण्डारी स्पोर्ट्स एकेडेमीले सिंगो खेलकुदमा महत्त्वपूर्ण स्थान बनाउन सफल रहोस् भनी शुभकामना दिए।

कार्यक्रमलाई सम्बोधन गर्नुअघि प्रधानमन्त्री ओलीले एकेडेमीको वेभसाइट डब्लुडब्लुडब्लु डट मदन स्पोर्ट्स डट ओआरजीको विधिवत शुभारम्भ गरेका थिए।

सो कार्यक्रमअघि शुक्रबारै एकेडेमीले वाकाथन कार्यक्रम आयोजना गरेको थियो। वाकाथन भृकुटीमण्डपबाट सुरु भई भद्रकाली, सहिद गेट, त्रिपुरेश्वर हुँदै राखेपको प्रांगणमा आएर कार्यक्रममा परिणत भएको थियो।

युवा तथा खेलकुदमन्त्री सत्यनारायण मण्डलको नेतृत्वमा भएको वाकाथनमा राखेप सदस्य-सचिव केशवकुमार विष्ट, नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठ, एकेडेमीका अध्यक्ष विनोद श्रेष्ठ, खेलाडीलगायत गरी करिब ३ हजारको सहभागिता रहेको एकेडेमीका महासचिव वचन देउजाले जनाएका छन्। ६ वर्षअघि जनवरी १ तारिखकै दिन एकेडेमीको स्थापना भएको थियो।



# डिकक र मौरिस टिममा स्टेन दोस्रो टेस्टमा नहुने

**डरबन/एजेन्सी–** दक्षिण अफ्रिकाको खेलाडी छनोट समितिले इंग्ल्यान्डविरुद्ध हुने दोस्रो टेस्टका लागि विकेटकिपर ब्याट्सम्यान क्विंटन डिकक र तीब्र बलर क्रिस मौरिसलाई टिममा बोलाएको छ। किंग्समिडमा भएको पहिलो टेस्टमा २ सय ४१ रनले पराजित भएपछि दक्षिण अफ्रिकाले यी दुई खेलाडीलाई टिममा बोलाएको हो। उसका भरपर्दा बलर डेल स्टेन काँधको चोटका कारण केपटाउनमा हुने दोस्रो टेस्ट गुमाउने भएपछि अफ्रिकाले उनको स्थानमा मौरिसलाई टिममा बोलाएको हो।

छनोटकर्ता समितिका संयोजक लिंडा जोंडीले भने, ‘पहिलो टेस्टमा हाम्रो प्रदर्शन चोटका कारण टिमलाई थप बलियो बनाउनु पर्ने आवश्यक्ता देखियो। डिककले विकेटकिपरको जिम्मेवारी सम्हाल्दै स्टार ब्याट्सम्यान एबी भिलियर्सको बोझ कम गर्नेछन् भने कमजोर ब्याटिङ लाइन अपमा पनि सुधार आउनेछ।’

मौरिसलाई डेल स्टेनको स्थानमा टिममा मौका दिइएको छ। निकै उत्कृष्ट बलरका रूपमा रहेका स्टेनको काँधमा पहिलो टेस्टका दौरान चोट लाग्न पुगेको थियो। जसकारण उनी दोस्रो टेस्टमा नरहने निश्चित भएको हो।

# फर्किए मोहमद अमिर

**कराँची/एजेन्सी–** पाकिस्तानी तीव्र बलर मोहमद अमिर पाँच वर्षपछि पुनः राष्ट्रिय टिममा फर्किएका छन्। लर्ड्स टेस्ट २०१० पछि उनी टिममा फर्किएका हुन्।

२३ वर्षीय अमिरलाई पाँच वर्ष सबैखाले क्रिकेटबाट प्रतिबन्ध लगाइएको थियो भने तिन महिना कैद गरिएको थियो। उनलाई यसै महिना न्युजिल्यान्डविरुद्ध हुने तिन २०-ट्वान्टी र तिन एकदिवसीय खेलका लागि टिममा छनोट गरिएको हो।

अमिर २०११ मा अन्य तिन पाकिस्तानी खेलाडीसँगै कारबाहीमा परेका थिए। उनी इंग्ल्यान्डविरुद्धको खेलका दौरान नो बल काण्डका कारण स्पट फिक्सिङ मामिलामा दोषी पाइएको थियो। त्यतिबेला उनी १८ वर्षका मात्र थिए। उनी २०१२ को फेब्रुअरीमा जेलमुक्त भएका थिए। उनलाई गत वर्षको जनवरीबाट पाकिस्तानमा हुने घरेलु प्रतियोगितामा खेल्न छुट दिएको थियो।

अमिरलाई पाकिस्तानले गत महिना ट्रेनिङ सेसनमा बोलाएपछि उनको पक्ष र विपक्षमा व्यापक बहस भएको थियो।

# जापानिज गुरुद्वारा ब्याडमिन्टनलाई सहयोग



**काठमाडौं/रास–** ब्याडमिन्टनका जापानिज गुरु त्सुगियो यामामोतोले नेपालमा ब्याडमिन्टनको विकासका लागि आर्थिक सहयोग प्रदान गरेका छन्।

उनले आफू र आफ्ना साथीबाट संकलन गरिएको ९० हजार येनमध्ये ४० हजार येन भोजपुरमा निर्माण भइरहेको ब्याडमिन्टन कभर्डहल निर्माणका लागि खेलाडी विकास श्रेष्ठलाई र ५० हजार येन राष्ट्रिय टिममा रहेका खेलाडीको प्रशिक्षणका लागि सटल कर्क खरिद गर्न नेपाल ब्याडमिन्टन संघका महासचिव रामजीबहादुर श्रेष्ठलाई प्रदान गरेका छन्।

गुरु यामामोतोले नेपालका नाम चलेका ब्याडमिन्टन खेलाडीलाई प्रशिक्षण प्रदान गरेका थिए। पूर्वराखेप सदस्य सचिव किशोरबहादुर सिंहलगायत पूर्वच्याम्पियनहरू पशुपति पनेरु, बलराम थापा, विकास श्रेष्ठ, पूजा श्रेष्ठ, सुमीना श्रेष्ठ, सरादेवी तामाङले उनीबाट प्रशिक्षण लिने अवसर प्राप्त गरेका थिए।

नेपालका लागि जापानी सहयोग नियोग जाइकाको सहयोगमा पहिलो पटक १९७० देखि ७२ र दोस्रो पटक २००४ देखि २००७ सम्म उनले नेपाली खेलाडीलाई प्रशिक्षण दिएको संघका महासचिव रामजीबहादुर श्रेष्ठले जानकारी गराए। उनको प्रशिक्षणपछि नेपाली खेलाडीको स्तरमा वृद्धि भएको समेत महासचिव श्रेष्ठले बताए।

# ४२ वर्षपछि भारतीय बलर शीर्ष स्थानमा

**दिल्ली/एजेन्सी–** पछिल्ला ४२ वर्ष कुनै पनि भारतीय टेस्ट बलरले आईसीसी वरीयताको शीर्ष स्थान कब्जा गर्न सकेका थिएनन्। यद्यपि, २०१५ को अन्तिम टेस्ट वरीयतामा भारतीय बलर रविचन्द्र आश्विनले लामो समयको प्रतीक्षाको अन्त गर्न सफल भएका छन्।

४२ वर्षअघि १९७३ मा लेफ्ट आर्म स्पिनर बिसनसिंह बेदीले वरीयतामा शीर्ष स्थान कब्जा गरेका थिए। त्यसपछि भारतीय बलरहरूलाई शीर्ष स्थानमा पुग्न ४२ वर्षको प्रतीक्षा गर्नुपर्‍यो।

टेस्ट क्रिकेटमा २०१५ मा सर्वाधिक विकेट लिने बलरका रूपमा भारतीय स्टार अलराउन्डर आर अश्विनले २०१५ को अन्तिम टेस्ट वरीयतामा टप हुँदै अन्त गर्न सफल भए।

आश्विनले ९ खेलमा ६२ विकेट आफ्नो नाममा राख्न सफल भए। जसमा उनको सर्वाधिक राम्रो बलिङ फिगरका रूपमा ६६/७ विकेट रह्यो। आश्विनले दक्षिण अफ्रिकाविरुद्ध घरेलु मैदानमा भएको खेलमा चार खेलबाट ३१ विकेट लिएका थिए। उनले यो वर्ष ७ पटक ५ र दुईपटक १० भन्दा बढी विकेट लिए। भारतमा चर्चित खेलाडीका रूपमा रहेका कपिल देव, भगवत चन्द्रशेखर र अनिल कुम्ब आफ्नो करियरमा दोस्रो नम्बरसम्म पुगे।

जबकि उनले शीर्ष स्थानमा पछिल्ला ६ वर्षदेखि निरन्तर रहँदै आएका दक्षिण अफ्रिकी बलर डेल स्टेनलाई पछि पार्न सफल भएका थिए। स्टेन २००९ देखि टेस्ट वरीयतामा शीर्ष स्थानमा रहँदै आएका थिए। उनी आश्विन शीर्ष स्थानमा उक्लिएसँगै दोस्रो स्थानमा झरे। तेस्रो स्थानमा स्टुआर्ड ब्रोड छन्।

ब्याटिङतर्फ अस्ट्रेलियन ब्याट्सम्यान स्टिभ स्मिथ पुनः शीर्ष स्थानमा रहन सफल भए। न्युजिल्यान्डका केन विलियम्सन दोस्रो स्थानमा झरेका छन् भने इंग्ल्यान्डका जोए रुट तेस्रो स्थानमा छन्।

# कासाडोको नेपाल प्रेम



*नेपालकी प्रथम महिला राष्ट्रपति विद्यादेवी भण्डारीका साथमा आईटीयूकी अध्यक्ष कासाडो, आपूर्तिमन्त्री गणेशमान पुन, ट्रायथलन एसोसिएसनका महासचिव निलेन्द्रराज श्रेष्ठ।*

**रामसूदन तिमल्सिना/काठमाडौं**

अन्तर्राष्ट्रिय ट्रायथलन महासंघकी अध्यक्ष मारिसोल कासाडो यतिबेला नेपालमा छिन्। उनले नेपालकी प्रथम महिला राष्ट्रपतिदेखि अन्य विशिष्ट व्यक्तिलाई भेटेर नेपालको खेलकुदको विषयमा विचारविमर्श गरिसकेकी छन्। यतिबेला उनी काठमाडौंमा ध्यानको कोर्स लिइरहेकी छन्। दुई वर्षपहिले पहिलो पटक विश्व मानचित्रको सानो देश नेपालको भ्रमण गरेपछि उनी सन् २०१६ को सुरुआत नेपालबाट गर्ने लक्ष्य लिएर नेपाल आएकी हुन्। नेपालको प्राकृतिक सुन्दरताका साथै यहाँको मानिसको आत्मीयता र आध्यात्मिक अभ्यासले समेत उनलाई लोभ्याएको हो।

‘ट्रायथलनसँग जोडिएर पहिलो पटक नेपाल भ्रमण गरेपछि म यहाँको प्राकृतिक सुन्दरताबाट लोभिएँ। त्योभन्दा पनि बढी मेडिटेसनको अभ्यासले मलाई अझै प्राभावित पार्‍यो। त्यतिबेला नै मैले फेरि नेपाल आउने र ध्यान गर्ने बताएकी थिएँ,’ शुक्रबार साँझ सोल्टी होटलमा नेपाल ट्रायथलन संघले उनको स्वागतमा आयोजना गरेको रात्रिभोजमा उनले भनिन्, ‘साँच्चै नेपाल म्यागिकल देश हो। मलाई यस्तो अद्भूत देशमा आउन उत्साहित गराएकोमा नेपाल ट्रायथलन एसोसिएसनका महासचिव निलेन्द्रराज श्रेष्ठलाई धन्यवाद।’

अतिथिलाई नेपालमा गरिने स्वागतबाट पनि उनी निकै प्रभावित भएकी छन्। शुक्रबार उनको स्वागतमा राखिएको कार्यक्रममा युवा तथा खेलकुदमन्त्री सत्यनारायण मण्डल, आपूर्तिमन्त्री गणेशमान पुन, तिनओटै सुरक्षा निकायका प्रमुखहरू, राष्ट्रिय खेलकुद परिषद्का उपाध्यक्ष लामा टेन्डी शेर्पा, सदस्यसचिव केशव विष्ट, नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठलगायतको उपस्थितिले उनी नतमस्तक भएकी थिइन्। उनले भनिन्, ‘यहाँको मानिसको सद्भाव, यहाँको प्राकृतिक सुन्दरता र यहाँको आध्यात्मिक अभ्यासले गर्दा म नेपालप्रेमी भएकी हुँ।’

उनको नेपाल भ्रमण नेपालको प्राकृतिक सुन्दरता र नेपाली संस्कारमा मात्र सीमित छैन। उनको मुख्य उद्देश्य भनेको नेपालमा ट्रायथलन खेलको विकास र विस्तार गर्नँ पनि हो। ‘नेपालले छोटो समयमा ट्रायथलनमार्फत ठुलो उपलब्धि हासिल गरेको छ। अझै यसको विकासका लागि म सहयोग गर्न तयार छु,’ स्पोर्ट्स प्रशासन र व्यस्थापनतर्फ पोस्ट ग्र्याजुएट गरेकी कासाडोले भनिन्, ‘पर्यटकीय देश नेपालमा ट्रायथलनलाई पर्यटकीय खेलका रूपमा विकास गर्न सकिन्छ। त्यसका लागि हामी सहकार्य गर्न तयार छौं।’

स्पेनमा भएको पहिलो ट्रायथलनमा सहभागी भई अनुभव सँगालेकी कासाडो ट्रेकिङ, साइक्लिङमा पनि रमाउँछिन्। उनी तेस्रो पटक ट्रेकिङ गर्ने लक्ष्य लिएर पुनः नेपाल आउने वाचा गर्न पछि परिनन्। स्पेनको म्याड्रिडनिवासी कासाडो नेपालमा सबैभन्दा बढी सम्भावना भएको खेलका रूपमा ट्रायथनलाई लिन्छिन्।



*युवा तथा खेलकुदमन्त्री सत्यनारायण मण्डल र राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव केशवकुमार विष्ट आईटीयूकी अध्यक्ष कासाडोलाई मायाको चिनोस्वरूप बुद्धको मूर्ति प्रदान गर्दै। साथमा नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठ।*

# जलदेवीलाई खेल सामग्री प्रदान



**काठमाडौं/रास–** पूर्वगोलरक्षक सुन्दर थापाले तनहुँको व्यास नगरपालिकास्थित श्री जलदेवी उमाविलाई खेल सामग्री सहयोगस्वरूप प्रदान गरेका छन्।

व्यक्तिगत खर्चमा सुन्दरले सो विद्यालयलाई १५ थान फुटबल, १५ थान भलिबल र ५ थान नेट तथा रिङ, चेस, स्किपिङ रोप र स्लाइड बोर्ड समान १२-१२ थान प्रदान गरे।

सुन्दरले सो विद्यालय सञ्चालक समितिका अध्यक्ष ठाकुरबहादुर दराईलाई विद्यालयको ५७औं वार्षिकोत्सवका अवसरमा आयोजित एक कार्यक्रमबिच सामग्री हस्तान्तरण गरे।

सो अवसरमा विद्यालयले सुन्दरसहित ट्रेड युनियन कांग्रेसकी कल्पना अधिकारी र पुरुषोत्तम पोखरेललाई सम्मान गरेको थियो।

# खेलकुद सप्ताह समापन



**काठमाडौं/रास–** नेपाल एपीएफ उच्च माध्यमिक विद्यालय कीर्तिपुरको ‘वार्षिक खेलकुद सप्ताह समापन भएको छ।

फुटबल, भलिबल, क्रिकेट, ब्याडमिन्टन, तेक्वान्दो, कराँते, एथ्लेटिक्स, टेबलटेनिस, दौडलगायत विविध खेलकुद गतिविधि समेटर आयोजना गरिएको थियो।

खेलकुद सप्ताहको समापनको अवसरमा आयोजित समारोहमा कायममुकायम सशस्त्र प्रहरी महानिरीक्षक दुर्जकुमार राईले तथा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकहरू जीवनकुमार थापा, कृष्णकुमार तामाङ, सिंहबहादुर श्रेष्ठ, प्रेमकुमार शाही र प्रकाश ओझाले विजयी छात्रछात्रालाई पुरस्कार, पदक तथा प्रमाण पत्र एवं उत्कृष्ट प्रशिक्षक तथा शिक्षक र विद्यालयका कर्मचारीलाई प्रशंसा पत्र प्रदान गरे। खेलकुद सप्ताहमा समावेश विभिन्न इभेन्ट्सका खेल प्रतियोगितामा ४ सयभन्दा बढी विद्यार्थीको सहभागिता रहेको थियो।

सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्रद्वारा सञ्चालित सो उच्च माध्यमिक विद्यालयका संरक्षकसमेत रहेका राईले त्यसअवसरमा विद्यालयले स्थापनाको एक दशक पार गर्दैगर्दा देशकै उत्कृष्ट विद्यालयको रूपमा स्थापित हुन सफल भएको चर्चा गरे। त्यसअवसरमा विद्यार्थीले राष्ट्रिय गान एवं कलात्मक मार्चपास, मास पिटी तथा सामूहिक रूपमा काता प्रदर्शन गरेका थिए।

राजधानी न्युज पब्लिकेसन प्रालिद्वारा प्रकाशित तथा मुद्रित, राजधानी भवन, कुपण्डोल, पो.ब.नं. २०५०३ काठमाडौं, फोन : ५५४६३००/५५४१०३०/४०, फ्याक्स : ९७७-१-५०११५९४, प्रमुख कार्यकारी अधिकृत : आषिश शेरचन, सम्पादक : राजन शर्मा